# मैना सुनुवार

## असंगत तर्कहरू र वास्तविकता

एड्भोकेसी फोरम, नेपाल

**मैना सुनुवार : असंगत तर्कहरू र वास्तविकता**

पहिलो संस्करण २०६६ (सन् २०१०)

*प्रकाशक*

एड्भोकेसी फोरम, नेपाल
गैरीधारा, काठमाडौं
पोस्ट बक्स नं.: २१७९८
टेलिफोन : +९७७-१-४००४००७/८
फ्याक्सः +९७७-१-४२६६९८
ई-मेलः info@advocacyforum.org.np
वेवसाइटः www.advocacyforum.org

प्रतिलिपि अधिकार © एड्भोकेसी फोरम

*लेआउट तथा आवरण डिजाइन*
किशोर प्रधान

काठमाडौँ, नेपालमा मुद्रित

# विषयसूची

हार्दिक आभार

१. परिचय १
२. भूमिका ७
३. मैना सुनुवार : बेपत्ता, यातना र हत्या ९
४. असंगत तर्कहरू र कानुनी वास्तविकता २१
५. निष्कर्ष तथा सुझावहरू २९

अनसूचीहरू
१. प्रधानमन्त्रीलाई देवी सुनुवारको खुला पत्र ३१
२. रक्षामन्त्रीलाई देवी सुनुवारको पत्र ३३
३. घटनाक्रम ३५

# हार्दिक आभार

यो प्रतिवेदन एड्भोकेसी फोरमको एक शोधकर्ताहरूको टोलीद्वारा लेखिएको हो । यस प्रतिवेदनको तयारीका क्रममा महत्वपूर्ण सुझाव प्रदान गरेकोमा इन्टरनेशनल कमिशन अफ ज्युरिष्ट र ह्युमन राइट्स् वाचप्रति आभार प्रकट गर्न चाहन्छौं । साथै प्रतिवेदनको पाण्डुलिपि सम्पादन गरिदिनु हुने एड्भोकेसी फोरमकी कार्यकारी निर्देशक मन्दिरा शर्मा र इन्ग्रिड मसाजेप्रति कृतज्ञता व्यक्त गर्दछौं ।

यस प्रतिवेदन तयार गर्नमा सहयोग तथा सूचना वा विश्लेषण उपलब्ध गराउनु हुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद । नाम लेख्दै जाने हो भने सूची ज्यादै लामो हुने हुँदा समावेश नगरिएकोमा उहाँहरूप्रति क्षमा चाहन्छौं । तर उहाँहरूको योगदान बिना सायद यस प्रतिवेदनको परिकल्पना पनि गर्न सकिने थिएन ।

यस प्रतिवेदन लेखनको पाइला पाइलामा सहयोग पुऱ्याउने मैनाकी आमा देवी सुनुवार पनि साधुवादको पात्र हुनुहुन्छ ।

# १

# परिचय

*"मेरो छोरीको हत्याको चर्चा सारा संसारभरिनै छ जस्तो लाग्दछ । बितेका पाँच वर्षमा मेरो छोरीमाथि भएको अन्यायको कथा संसारको कुनाकाप्चामा पुगेको छ भनेर दिनहुँजसो विभिन्न मानवअधिकारवादी संस्थाका प्रतिनिधिहरू र स्वदेशी तथा विदेशी पत्रकारहरूले भन्छन् । अझ मानवअधिकारकर्मीहरू मेरो छोरीको मुद्दा प्रतिनिधिमूलक मुद्दा हो भन्छन् । तर यसको सही अर्थ के हो मलाई केही थाहा छैन । शायद अन्यायले पराकाष्टा नाघ्यो भने मुद्दाहरू प्रतिनिधिमूलक हुन्छन् होला । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वर्गको निरन्तर दबाबका बाबजूद पनि मुद्दामा संलग्न हत्याराहरूलाई राज्यले आश्चर्यरूपमा बढ्ुवा गर्ने वा अन्य कुराले पुरस्कृत गर्ने कार्य गऱ्यो भने मुद्दाहरू प्रतिनिधिमूलक बन्छन् होला ।"*

*– देवी सुनुवार (मैना सुनुवारकी आमा)*
*(प्रधानमन्त्रीलाई पठाएको खुला पत्रबाट साभार)*[१]

मैना सुनुवारनै किन ? मानवअधिकारको क्षेत्रमा हुने हरेक बहसमा मैना हत्याकाण्डले मात्र किन स्थान पाउँछ ? दशक लामो द्वन्द्वकालमा घटेका अरू हजारौं मानवअधिकार उल्लंघनका घटनाहरूको बारेमा आवाज उठाएको खोई त ?

यस्तै खालका प्रश्नहरू २०६० फागुन ५ गते नेपाली सैनिकका अधिकारीहरूद्वारा यातनापछि हत्या गरिएकी १५ वर्षीया मैना सुनुवारको मुद्दासम्बन्धमा बारम्बार उठने गरेका प्रश्नहरू हुन् । २०६६ मंसिर २७ गते मैना हत्याकाण्डका एक आरोपी सेनानी निरञ्जन बस्नेतलाई अफ्रिकी राष्ट्र चाड गणतन्त्रस्थित राष्ट्रसंघीय शान्ति स्थापना मिशनबाट फिर्ता पठाइएपछि यी प्रश्नहरूले झन् बढी प्राथमिकता पाएका छन् ।

मैना सुनुवार देशको एक चर्चित नाम हुन पुगेको छ तर दुर्भाग्यपूर्ण के छ भने यो नाम दण्डहीनताको पर्याय बनी उभिएको छ । मैनाको मुद्दामा न्याय प्राप्तिका लागि भएको संघर्ष उनी बेपत्ता पारिएको

[१] पूरा पत्रको लागि अनुसूची १ हेर्नुहोस् ।

दिनदेखि सुरू भएको थियो तर विडम्बना न्यायलाई प्रत्येक पाईलामा वञ्चित गरिएको कटु यथार्थ हाम्रो अगाडि छलर्ङ्ग छ । दश वर्षे लामो सशस्त्र द्वन्द्वको अवसान गर्न महत्वपूर्ण साबित भएको मंसिर ६, २०६३ मा भएको शान्ति सम्झौता यता राजतन्त्रको अन्त्य र संविधान सभाको चुनावको सफलतापूर्वक समाप्तिपछि वर्षौंसम्म स्वतन्त्रता र न्यायबाट वञ्चित गरिएका नेपाली जनताले देशमा न्याय, शान्ति र स्वतन्त्रताको एक नयाँ अध्यायको सुरूआत हुनेछ भन्ने आशा राखेका थिए । तर हालसम्म पनि द्वन्द्वकालमा जघन्य मानवअधिकार हनन् गर्नेहरूलाई राष्ट्रिय सुरक्षाको नाममा वा आमूल परिवर्तनको द्योतकका रूपमा संरक्षण दिने मौन षडयन्त्र भैरहेको छ ।

साच्चिनै विस्मृत प्रतिबद्धताहरूको प्रतिनिधिमूलक मुद्दा बनेको छ मैना सुनुवारको घटना । सुरूमा मैनाको पक्राउ, गैरकानुनी थुना, यातना र हत्याको प्रकरणलाई ढाकछोप गर्ने भग्मदुर प्रयास गरियो । पछि फेरि सैनिक नियन्त्रणबाट भाग्ने कोसिस गर्दा गोली प्रहार गरी मारिएको भन्ने झुठो प्रचारवाची पनि गरियो । व्यापक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाब पछि फेरि सैनिक प्रशासनले चैत्र २०६१ मा आन्तरिक छानबिनको गरी तीनजना सैनिक अधिकारीहरू –महासेनानी बबी खत्री, सह-सेनानी सुनील प्रसाद अधिकारी र सह-सेनानी अमित पुन– लाई सैनिक अदालतमा पुर्पक्ष गर्नुपर्ने राय व्यक्त गर्‍यो । २०६२ भदौ २३ मा निजहरूलाई मैनासँग सोधपुछको क्रममा गलत प्रविधि अपनाएको र मृत्युपछि लासलाई प्रक्रिया नपुर्‍याई दफन गरेकोमा जनरल सैनिक अदालतले दोषी ठहर गर्‍यो । कोर्ट अफ इन्क्वायरी बोर्डले सो हत्या प्रकरणमा सेनानी बस्नेतको संलग्नता रहेको बताएता पनि कोर्ट मार्शलका लागि उनको नाम सिफारिस गरेन । कुन आधारमा उनको अभियोजनको लागि सिफारिस गरिएन भन्ने कुरा एड्भोकेसी फोरमले प्राप्त गरेको सैनिक अदालतको अपूर्ण दस्तावेजमा खुलेको छैन ।

आश्चर्यलाग्दो कुरा के छ भने सैनीक अदालतले कसैलाई पनि बेपत्ता, हत्या र यातनाको दोषी ठहर्‍याएको चाहिँ होइन । लामो समयसम्म यातना दिइएको भन्ने यथेष्ठ प्रमाणको बाबजुद पनि मैनाको मृत्युलाई भवितव्य, लापरवाहीपन र गलत प्रविधि अपनाइएको भनी चित्रित गरिएको छ । देक्चीमा पानी राखी टाउको डुबाँउदा र विद्युतीय झट्का दिँदा सहन नसकि मृत्युवरण गर्नु परेको कुरा कोर्ट मार्शलले स्वीकार गरेको छ । तर यसको दोष मैनाको कमजोर शारीरिक अवस्थालाई लगाईएको छ । यस्ता कानुनी आधारहरूको आडमा र फगत प्रक्रियागत त्रुटिहरू गरेको भनी तीन जना दोषी ठहर भएकाहरूको अस्थाई रूपमा बढुवा रोक्का गर्ने र ६ महिनाको कारवासको सजाय र नगण्य आर्थिक जरिवानाको फैसला कोर्ट मार्शलले गर्‍यो । दोषी अधिकारीहरूले तोकिएको सजायको समयावधि भने सैनिक अदालती प्रक्रियाका दौरान व्यतित गरे भनियो र उनीहरूले सही अर्थमा जेलसजाय भोग्नुनै परेन । सैनिक अदालती कारवाही प्रक्रिया सार्वजनिक नगरिने हुँदा यी प्रक्रियाहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपका छन् कि छैनन् भन्ने कुरामा सन्देह गर्ने प्रस्सत ठाँउ छन । मैना हत्याकाण्डले पनि सैनिक अदालतको असमक्षतालाई उजागर गरेको छ ।

यस्तैगरी राज्यको न्याय प्रणाली पनि न्याय प्रत्याभूत गर्ने सम्बन्धमा अत्यन्त सुस्त देखिएको छ । सैनिक ऐनको ६६(१) अनुसार यो ऐन लागू हुने कुनै व्यक्तिले लागू नहुने कुनै व्यक्तिको ज्यान लिएमा वा जबरजस्ती करणी गरेमा सैनिक अदालतबाट हेरिने छैन भनी प्रस्ट व्यवस्था रहेको छ । सैनिक

अदालतको फैसलाप्रति आफ्नो असन्तुष्टी जाहेर गर्दै देवी सुनुवारले २०६२ कात्तिक २७ मा जिल्ला प्रहरी कार्यालय काभ्रेमा दोषी ठहरिएका सैनिक अधिकारीहरूविरूद्ध उजुरी दर्ता गरिन जसमा महासेनानी बबी खत्री, सह-सेनानी अमित पुन, सह-सेनानी सुनिल अधिकारीलगायत नेपाल सैनिकको पाँचखाल ब्यारेकका तत्कालीन सह-सेनानी निरञ्जन बस्नेतलाई समेत प्रतिवादी बनाइएको थियो । नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालयको दबाब र एड्भोकेसी फोरमको कानूनी सहायतामा देवी सुनुवारले सर्वोच्च अदालतमा २०६३ पुष २६  मा रिट दायर गरेपछि मात्र काभ्रेस्थित प्रहरी कार्यालयले आफ्ना निकायहरूलगायत सम्बन्धित सरकारी वकिलका कार्यालयहरू र नेपाली सेनासँग पत्राचार गऱ्यो । तर नेपाली सेनासँगको भय तथा देशको राजनीतिक वृतबाट सहयोग नपाएका कारण नेपाल प्रहरीले अभियुक्तहरूसँग सोधपुछ गर्ने, पक्राउ गर्ने र उनीहरूलाई हिरासतमा लिने जस्ता कार्यहरू गर्न सकेन ।

यसै दौरान पाँचखाल सैनिक ब्यारेकको परिसरमा गैरकानुनी ढंगले गाढिएकी मैनाको लास २०६३ चैत्र ९ मा उत्खनन् गरियो । २०६४ वैशाख २५ मा देवी सुनुवारले दायर गरेको रिटउपर सुनुवाई गर्दै सर्वोच्च अदालतले नेपाली सैनिक मुख्यालयलाई एक हप्ताभित्र सैनिक अदालतले मैनाको सम्बन्धमा गरेको फैसलामा प्रयोग गरिएका सम्पूर्ण दस्तावेजको सक्कल प्रति अदालत समक्ष पेश गर्न आदेश गऱ्यो । नेपाली सेनाले २०६४ जेठ २८ मा कोर्ट मार्शलको फैसलाको प्रतिलिपि मात्र अदालतलाई बुझायो र अदालतको आदेश बमोजिम माग गरिएका ३३ ओटा दस्तावेज पेशनै गरेन ।

अन्ततः व्यापक दबाबपछि र सर्वोच्च अदालतको २०६४ असोज १ को फैसला पछि २०६४ माघ १७ मा सरकारी वकिलको कार्यालयले काभ्रे जिल्ला अदालतमा आरोपित ४ जना सैनिक अधिकारीहरू विरूद्ध ज्यानसम्बन्धी मुद्दा दायर गऱ्यो । अदालतले पनि ती ४ जना अभियुक्तविरूद्ध पक्राउको आदेश जारी गऱ्यो तथापि हालसम्म पनि ती ४ मध्ये कोही पनि पक्राउ परेका छैनन् । २०६६ भदौ २८ मा काभ्रे जिल्ला अदालतले नेपाल सैनिकको मुख्यालयलाई सेनानी निरञ्जन बस्नेत (४ आरोपी मध्येका १ जो हालसम्म पनि सैनिक सेवामा कार्यरत् छन् र सह-सेनानीबाट बढुवा भएर सेनानी भएका छन्) लाई निलम्बन गर्न र कोर्ट अफ इन्क्वायरी बोर्डले छानबिनको क्रमका सोधपुछ गरेको सम्पूर्ण सैनिक अधिकारीहरूको बयानको संलग्न मिसिल फाईल अदालत समक्ष पेश गर्न आदेश जारी गरेको छ ।

मैना हत्या प्रकरणमा सेनानी बस्नेतको संलग्नता रहेको सूचना प्राप्त भएपछि निजलाई संयुक्त राष्ट्रसंघले फिर्ता पठाउने निर्णय गऱ्यो ।  २०६६ मंसिर २७ गते उनी नेपालमा फिर्ता पठाइए लगत्तै सैनिक प्रहरीले उनलाई आफ्नो नियन्त्रणमा लियो र हालसम्म पनि सैनामै कार्यरत् रहेको बताइन्छ । मानवअधिकारकर्मीहरूको बस्नेतलाई नागरिक अदालत समक्ष पेश गरिनुपर्ने भन्ने निरन्तरको अनुरोधका बाबजुद पनि  उनलाई सैनिक नियन्त्रणमा नै राखिएको छ ।

त्यसैले मैनाको मुद्दा एक प्रतिनिधिमूलक मुद्दा बनेको छ । उनी फगत यातना दिएर हत्या गरिएकी एउटी बालिका मात्र रहिनन् । उनी देशमा व्याप्त अन्याय, लाचार बनेर बसेको जवाफदेहिता र मौलाएको दण्डहीनताको उजागर गर्ने महत्वपूर्ण कडी बनेकी छिन् ।

मैनाको मुद्दाले दण्डहीनताका साथै पीडकहरूलाई संरक्षित गर्न गरिएको दुस्साहसको पराकाष्ठालाई प्रतिबिम्बित गर्दछ : वर्षौं लामो कानुनी लडाइपछि अदालतले अभियुक्तको पक्राउ र निलम्बनको आदेश जारी गर्दछ तर संवेदनहीन सरकार अपराधीलाई बढुवासहित शान्ति सेनामा पठाउँछ; मानवअधिकारकर्मीहरूको अथक प्रयासपछि संयुक्त राष्ट्रसंघले मानवअधिकार उल्लंघनमा संलग्न रहेको आरोपमा उक्त आरोपीलाई नेपालको नागरिक अदालत समक्ष पेश गर्न नेपाल फिर्ता गरिदिन्छ; सेनाले आरोपीलाई विमानस्थलबाट आफैं लिएर जान्छ र अदालतमा उपस्थित गराउनु पर्ने अदालतको आदेशलाई नकारिन्छ; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारकर्मीहरू जवाफदेहीताको प्रश्न उठाइरहन्छन् तर राज्यको प्रधानमन्त्री जस्तो गरिमामय व्यक्तिले गृहमन्त्रीलाई उक्त अभियुक्तलाई प्रहरी समक्ष पेश गर्न निर्देशन दिन्छन् तर ती निर्देशनहरू उपर कुनै सुनुवाई हुँदैन; राष्ट्रिय मानवअधिकार आयोगले पनि अभियुक्तलाई अदालतमा पेश गर्नूपर्ने जिकिर गर्छ[२] तर देशको रक्षामन्त्रीद्वारा खुलेआम अभियुक्तको संरक्षण गरिन्छ; नेपाली सेना जसले बर्सेनी हजारौंको संख्यामा आफ्ना सैनिकहरूलाई संयुक्त राष्ट्रसंघको शान्ति सेनामा पठाउँछ तर यो मामलामा स्वयं संयुक्त राष्ट्रसंघका महासचिवको घटनाको सम्बन्धमा अदालतबाट गरिएको आदेशहरू पालना गरियोस् भन्ने निर्देशनलाई बेवास्ता गर्छ ।

मैना मुद्दाको वास्तविकता उनको परिवार, शुभचिन्तकहरूको मात्र नभई दश वर्षे सशस्त्र द्वन्द्वकालमा मानवअधिकार उल्लंघन भएका सम्पूर्ण पीडितहरूको संघर्षको कथा हो । २०६५ र २०६६ मा एड्भोकेसी फोरम र ह्युमन राइट्स् वाचले संयुक्त रूपमा प्रकाशित गरेको क्रमशः *न्यायको पर्खाइमा* र *अझै न्यायको पर्खाइमा* नामक प्रतिवेदनले मौलाइरहेको दण्डहीनताको संस्कारको छनक दिने प्रयास गरेको थियो । जसमा चुनिएका ६२ ओटा मानवअधिकार उल्लंघन, गैरन्यायिक हत्या, यातना, बलात्कार र बेपत्ता जस्ता घटनामा संलग्नहरूमध्ये हालसम्म एकजनालाई पनि कारवाही नगरिएको तथ्य उल्लेख गरिएको छ ।[३]

पीडित र पीडितका परिवारहरूको वर्षौं लामो संघर्षपछि पनि कुनै खास प्रगति हुन नसकेका यी मुद्दाहरूको भीडमा मैनाको घटना मात्र यस्तो घटना हो जसमा केही हदसम्म उल्लेखनीय प्रगति भएको छ । अरु मुद्दाहरू प्रहरी कार्यालयका दराजमा थन्किरहेका छन् । केही यस्ता पनि घटनाहरू छन् जहाँ

---

[२] Nepalnews, "NHRC uges govt to proceed cases of HR violation through civil courts", December 24, 2009, http://www.nepalnews.com/main/index.php/news-archive/19-general/3068-nhrc-urges-govt-to-proceed-cases-of-hr-violation-through-civil-court.html

[३] Advocacy Forum and Human Rights Watch, "Waiting for Justice. Unpunished Crimes from Nepal's Armed Conflict" of September 2008 and "Still Waiting for Justice. No End to Impunity in Nepal" of October 2009, http://www.hrw.org/en/reports/2008/09/11/waiting-justice-0 and http://www.hrw.org/en/reports/2009/10/15/still-waiting-justice-0

प्रहरी प्रशासन वा सम्बन्धित निकायले जाहेरी दर्खास्त लिन पनि ठाडै अस्वीकार गरेका छन् । यस्तै अन्य धेरै घटनाहरू कानुनी ढिलासुस्तीका कारणले प्रहरी कार्यालय तथा अदालतमा न्यायको प्रतीक्षामा रूमल्लिरहेका छन् । त्यस्तै सरकारी उदासिनताका कारण हजारौंको संख्यामा यस्ता घटनाहरू मानवअधिकारवादी संघसंस्थाहरूको तथ्यांकमामात्र सीमित रहेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा निरन्तर रूपमा जवाफदेहीताको लागि दिइएको दबाब बाबजुद पनि राष्ट्रले हालसम्म पनि १ जनालाई पनि न्यायको कठघरामा उभ्याउन सकेको छैन र ती मुद्दाहरूको सम्बोधनका प्रस्तावित संक्रमणकालीन न्यायका संयन्त्रहरूको स्थापनाका लागि गरिएको प्रयासले पनि उल्लेख्य गति लिन नसकेको अवस्था छ ।

त्यसकारण हामी मैनाको मुद्दाको बारेमा बहस गरेर कहिल्यै पनि थाक्दैनौ । यो मुद्दानै नेपालमा दण्डहीनताको अन्त्य गर्ने सुरूआती मुद्दा होस् भन्ने हाम्रो चाहना छ । एउटा यस्तो शुरूवात जो भाषण र बयानबाजीमा सीमित नबनी अभियुक्तहरूलाई कानुनी कठघरामा उभ्याएर गरिनुपर्दछ । मैनाको मुद्दा आफैँमा मात्र महत्वपूर्ण नभई दण्डहीनताबाट थिचिएका सबै मानवअधिकार हनन्बाट पीडितहरूको प्रतिनिधित्व गर्दछ । यो मुद्दा द्वन्द्वकालमा भएका सम्पूर्ण घटनाहरूको नजीर बन्न सकोस् भन्ने हाम्रो मनसाय रहेको छ ।

नेपाली सेनाले मैना बेपत्ताको सन्दर्भमा आफ्नो भूमिकाबारे गलत विवरण सार्वजनिक गरेको कारणले हाम्रो ध्यान सर्वप्रथम मैनाको घटनामा केन्द्रित भएको थियो । मैनाको गिरफतारी र हत्या उनकी आमा देवी सुनुवारलाई सजाय दिने उद्देश्यले गरिएको थियो भन्ने हाम्रो शंका छ किनभने देवीले मैनालाई पक्रनुभन्दा केही दिन अधिमात्र आफ्नै दाइकी छोरी रीना रसाइलीको बलात्कार र बर्बर तरिकाबाट गरिएको हत्यामा नेपाली सेनाको संलग्नताको बारे सार्वजनिक रूपमा आफ्नो धारणा राखेकी थिइन् ।

घटनाको बारेमा सत्यतथ्य ढाकछोप गर्न गरिएका अनगिन्ती प्रयासहरू र मुद्दामा देखिएको अन्यायको पराकाष्ठाले मानवअधिकारका सामान्य सिद्धान्तलाई सम्मान गर्ने जो कोहीलाई पनि मर्माहत तुल्याएको छ । बिर्सन नसिकिने कुरा के छ भने सानो वा छोटो समयको प्रयासले मात्र यो घटना यहाँसम्म आइपुगेको होइन । मैनाका बाबु आमाको अदम्य साहस र वर्षौंको मेहनत र न्यायप्राप्तिको अनवरत् प्रयास पछिमात्र यो घटना यो अवस्थामा आइपुगेको हो । मानवअधिकारको क्षेत्रमा कार्यरत विभिन्न समुदाय तथा मिडिया जसले उल्लेख्यरूपमा आफ्नो परिश्रम, स्रोत साधन सबै सुम्पेर यो विषयलाई उठान गर्न सहयोग पुऱ्याएको कारणले नै मैनाको घटना यसरी अगाडि बढेको हो ।

एड्भोकेसी फोरमले यो मुद्दा सुरूआत देखिनै उठाउदै आएको हो र मुद्दामा कानूनी सहयोग पनि पुऱ्याउँदै आएको छ । । यो प्रतिवेदनमार्फत हामीले केही त्यस्ता महत्वपूर्ण तथ्यहरू पस्कन खोजेका छौं जसले मैनाको मुद्दासँग सम्बन्धित तथ्य बुझ्न मद्दत पुऱ्याउनुको साथ साथै उक्त मुद्दासँग जोडिएका कानूनी पक्ष केलाउन र नेपालको फौजदारी न्याय प्रणाली मैना जस्तै मुद्दाको सम्बोधनको सवालमा कतिधेरै कमजोर छ भनेर प्रस्टाउने जमर्को गरेका छौं ।

## प्रमुख सिफारिसहरू

*नेपाल सरकारलाई*

- सेनानी निरञ्जन बस्नेतलाई अविलम्ब अदालत समक्ष बुझाउने कुराको सुनिश्चिता गर्ने;
- नेपाली सेनालाई महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीलाई अनुसन्धान प्रक्रियामा पूर्ण सहयोग गर्न र काभ्रे जिल्ला अदालतमा चलिरहेको मैना सुनुवारको मुद्दालाई सहज रूपमा अगाडि बढाउन सहयोग गर्न आदेश दिने;
- नेपाली सेनालाई सर्वोच्च अदालत र जिल्ला अदालतको आदेशको सम्मान गर्दै आन्तरिक छानबिनका दौरान प्रयोग गरिएका कागजात हस्तान्तरण गर्न आदेश दिने;
- आरोपित अन्य तीन जना भूतपूर्व सैनिक अधिकृतहरूलाई पक्राउ गरी मुद्दालाई अगाडि बढाउन नेपाल प्रहरीलाई निर्देशन गर्ने ।

*नेपाली सेनालाई*

- सर्वोच्च अदालत र जिल्ला अदालतको आदेशको पूर्ण सम्मान गर्दै पालना गर्ने;
- महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीलाई अनुसन्धानमा पूर्ण सहयोग गर्ने;
- जिल्ला अदालत काभ्रेले उपलब्ध गराउन अनुरोध गरे अनुरूप कोर्ट अफ इन्क्वायरी बोर्ड र कोर्ट मार्शल लगायत मिसिल संलग्न सम्पूर्ण दस्तावेजहरू उपलब्ध गराउने ।

*नेपाल प्रहरीलाई*

- जिल्ला अदालत काभ्रेको आदेशको पालना गर्दै चारै जना आरोपितहरूलाई पक्राउ गर्ने;
- यी आदेशको पालना नगर्ने अधिकृतहरूविरूद्ध कानूनअनुसार कारवाही गर्ने ।

*अन्तर्राष्ट्रिय समुदायलाई*

- नेपाली सेनाले नागरिक निकायहरूलाई यस मुद्दामा सहयोग नगरेसम्म र सेनानी बस्नेतलाई हस्तान्तरण नगरेसम्म नेपाललाई कुनै पनि प्रकारको सैनिक सहयोग नगर्ने;
- नेपालमा दण्डहीनताको अन्त्यका निम्ति एक दीगो उपायको पहिचान गर्ने र त्यस्ता प्रयासहरूलाई सहयोग गर्ने;
- यस मुद्दाका अन्य अभियुक्तहरू आफ्नो देशको क्षेत्राधिकारभित्र भए कारवाहीको प्रक्रिया अगाडि बढाउने ।

# २

# भूमिका

नेपालमा चलेको एक दशक लामो आन्तरिक सशस्त्र द्वन्द्वको क्रममा अन्दाजी १६,२७४ जति व्यक्तिको ज्यान गयो ।[४] द्वन्द्वका दौरान घटेका जघन्य मानवअधिकार उल्लंघनका घटनाहरूमा सरकारी तथा विद्रोही दुवै पक्ष उत्तिकै जिम्मेवार रहे । यातना, चन्दा, अपहरण, जबरजस्ती भर्ना (बालबालिका समेत), सुराकी तथा वर्ग शत्रुका नाममा आम नागरिकको हत्या जस्ता कार्यको लागि माओवादी जिम्मेवार थिए भने गैरन्यायीक थुना, जबरजस्ती बेपत्ता, हिरासतमा यौनहिंसा र गैरन्यायिक हत्याका लागि सुरक्षा फौज जिम्मेवार थिए ।

धेरै प्रयास पछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा नेतृत्व गरिएको सर्वदलीय सरकार र नेकपा माओवादीबीच २०६३ मंसिर ५ मा विस्तृत शान्ति सम्झौता भयो । सो सम्झौतामा "दुवै पक्ष नेपाली जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन् नहुने वातावरण बनाउन प्रतिबद्ध छन्" भनी प्रस्टसँग लेखिएको छ ।[५] यस्तै गरी दुवै पक्षले बेपत्ता पारिएका नागरिकहरूको अवस्था सम्झौतापत्रमा हस्ताक्षर भएको ६० दिन भित्र सार्वजनिक गर्ने र एक उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा पनि उल्लेख गरिएको छ । तर आज ३ वर्ष व्यतित भैसक्दासमेत यी प्रतिबद्धताहरूले जारी राजनीतिक संकटका कारण पूर्णता पाउन सकेका छैनन् ।

२०६४ को अन्त्यतिर भएको संविधान सभाको चुनावमा माओवादी दलले उल्लेखनिय जित हासिल गऱ्यो । तैपनि शान्ति प्रक्रिया सहज रूपले अघि बढ्न सकेन । वैशाख २०६६ मा राष्ट्रपति रामवरण

---

[४] Nepali Times, "New Report Raises Conflict Toll", October 10, 2009, http://www.nepalitimes.com.np/2009/10/10/285

[५] "Comprehensive Peace Agreement held between Government of Nepal and Communist Party of Nepal," para 7.1.2, November 21, 2007

यादवद्वारा सेनापति रूकमांगत कटुवाललाई पदबाट हटाउने प्रधानमन्त्रीको निर्णय विरूद्ध सेनापतिलाई पुनर्वहाली गरेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दिएको राजिनामा पछि उत्पन्न राजनीतिक संकटले शान्ति प्रक्रियामा गतिरोध आएको कुरा त सर्वविदितै छ ।[६]

शान्ति तथा मेलमिलाप प्रवर्द्धन गर्ने सवालमा न्यायको भूमिका अपरिहार्य रहन्छ भन्ने कुरामा दुइमत छैन । संविधान सभाको स्थापना पछि न्याय प्रदान गर्ने कार्यमा नेपाली राजनीतिक नेतृत्व उन्मुख हुनेछ भन्ने चौतर्फी आशा गरिएको थियो । यस परिप्रेक्ष्यमा मैना सुनुवारको मुद्दा न्यायको विफलताको प्रतीकको रूपमा स्थापित भएको हुँदा यस मुद्दालाई सुरुमै सम्बोधन गरिन्छ कि भन्ने आशा सबैको थियो । तर त्यो यर्थाथ बन्न सकेन । यसै बीच राजनीतिक दलका नेताहरू एकातर्फ दण्डहीनताको अन्त्य गर्न बारम्बार प्रतिबद्धता जनाउने भने अर्कोतर्फ मानवअधिकार हनन्मा संलग्न पीडकहरूलाई संरक्षण गर्ने काममा संलग्न रहेको दृष्टान्तहरू धेरै छन् । उनीहरूको यस्तो द्वैध चरित्रले दण्डहीनता अझै झाँगिने अवसर पाएको छ ।

राजनीतिक दलहरूको आपसी समन्वयको अभावले संसद तथा संविधान सभाको काम कारवाहीमा नराम्रो प्रभाव परेको छ । विभिन्न राजनीतिक मुद्दाहरूका कारण अनेकन पटक सदन वहिस्कार हुँदै आएको छ जसले गर्दा नयाँ संविधान निर्माण, नयाँ बन्ने कानूनहरू र वृहत् शान्ति सम्झौतामा उल्लिखित सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक खोजबिनसम्बन्धी आयोगको अनुमोदन प्रत्रियालाई पनि असर पारेको छ भन्दा अत्युक्ति नहोला ।

अर्कोतिर अयोग्य माओवादी (छापामार) लडाकुहरूको शिविरबाट बर्हिगमन तथा राजनीतिक मतभिन्नताहरूको समायोजनका लागि बनेको उच्च स्तरीय राजनीतिक संयन्त्रका साथै नयाँ संविधान निर्माणको प्रक्रियामा देखिएको प्रगतिले फेरि आशाको सञ्चार गराएको छ । तर दण्डहीनताको अन्त्य गर्ने स्वघोषित प्रतिबद्धताहरू पूरा गर्न नेपाली राजनीतिक नेतृत्व कत्तिको अग्रसर होलान् भन्ने कुराको आकलन गर्नत अझ बाँकी नै छ ।

[६] UN Security Council, Report of the Secretary-General on the Request of Nepal for United Nations assistance in support of its peace process, July, 13, 2009, para 4.

# ३

# मैना सुनुवार : बेपता, यातना र हत्या

*"म त साधारण लेखपढ मात्र गर्नसक्ने महिला हुँ र म धेरै कुरा जान्दिन । मेरो बुझाईमा रक्षामन्त्री भनेको आफ्ना देशका जनता र देशको सार्वभौमता रक्षा गर्ने जिम्मा पाएका व्यक्ति हुन् । तथापि राज्य र जनताको सुरक्षा गर्ने कसम खाएका तपाईको मन्त्रालयअन्तर्गत्का तिनै सैनिकहरूले मेरी छोरीलाई यातना दिई निर्ममतापूर्ण ढङ्गले मारिदिए । हाल आएर संयुक्त राष्ट्रसंघले समेत निरञ्जन बस्नेतलाई शान्ति स्थापना मिशनबाट बर्खास्त गरिदिएको परिप्रेक्ष्यमा निज बस्नेतलाई प्रहरीकहाँ बुझाई नागरिक अदालतको कठघरामा उभ्याउनबाट तपाईलाई के त्यस्तो अप्ठेरो आइलाग्यो ? मलाई आश्चर्य लागेको छ ।"*[७]

*– देवी सुनुवार (मैना सुनुवारकी आमा)*
*(रक्षामन्त्रीलाई पठाएको पत्रबाट साभार)*

मैना सुनुवारको मुद्दाको बारेमा धेरै पटक धेरै कुरा लेखिसकिएको छ । तर ती मध्ये धेरै सत्य र तथ्यमा आधारित नभएका पनि हुनसक्छन् । यस अध्यायमा मैनाको बेपत्ता, यातना र हत्याको बारेमा प्राप्त वास्तविक तथ्यहरूलाई प्रस्तुत गरिएको छ ।

साभार गरिएका अंशहरूबाहेक यसमा प्रस्तुत गरिएका तथ्यहरू नेपाली सैनिकको चैत्र २०६१ मा गठन गरिएको कोर्ट अफ इन्क्वायरी बोर्डको राय र २०६२ भदौ २३ मा गठित कोर्ट मार्शलको फैसलामा आधारित छ । मंसिर २०६३ मा संयुक्त राष्ट्रसंघीय उच्चआयुक्तको कार्यालयले पनि यस घटनामा विस्तृत अनुसन्धान गरी एक प्रतिवेदन सार्वजनिक गरेको थियो जसमा नेपाली सैनिकद्वारा गरिएको अनुसन्धानको निष्कर्ष तथा अन्य तथ्यहरूलाई पनि समावेश गरिएको थियो ।[८] यस घटनाको संक्षिप्त घटनाक्रम पनि अनुसूची ३ मा राखिएको छ ।

---

[७] अनुसूची २ हेर्नुहोस् ।

[८] OHCHR, The torture and death in custody of Maina Sunuwar: Summary of concerns, December 2006.

## मैनाको गिरफ्तारी

२०६० फागुन ५ गते बिहान सबेरै सह-सेनानी निरञ्जन बस्नेत र सह-सेनानी सुनिल प्रसाद अधिकारी सम्मिलित एक सैनिक टुकडी खरेलथोक गाविस वडा नं. ६ मा अवस्थित पूर्ण बहादुर सुनुवारका घरमा ढोका ढक्ढकाए र भित्र छिरे । त्यतिबेला मैना घरमा आफ्नो बाबुसँगै थिइन् । तिनीहरू श्री विरेन्द्र शान्ति कार्य तालिम केन्द्र, पाँचखालबाट मैनाकी आमा देवी सुनुवारलाई पक्रन खटिएका थिए । पूर्णले आफ्नी श्रीमती घरमा नभएको कुरा सैनिक अधिकारीहरूलाई बताए ।

त्यसपछि आफ्नी आमासँगै आतंककारी कार्यमा संलग्नता रहेको आरोप लगाउदै सैनिक अधिकारीहरूले मैनालाई गिरफ्तार गरे । छोरी फिर्ता लाने हो भने श्रीमतीलाई पाँचखाल ब्यारेकमा लिएर आउनु भनी सैनिक अधिकारीहरूले पूर्णलाई भने ।

नेपाली सैनिकले अस्वीकार गरेता पनि देवीलाई पक्राउ गर्ने मनसाय र त्यसपछि भएको मैनाको गिरफ्तारी, बेपत्ता र यातनाको श्रृंखला पछाडि अर्को एउटा घटना पनि जोडिएको छ । मैनालाई पक्राउ गर्नुभन्दा पाँच दिनअघि काभ्रे जिल्ला पोखरीचौरीमा बसोबास गर्ने १७ वर्षीय युवती रीना रसायलीलाई सैनिक जवानहरूले बलात्कारपछि हत्या गरेका थिए ।[९] रसायली देवी सुनुवारकी भतिजी थिइन् । यो घटना घट्दा देवी आफ्नो माइतीमै रहेकी र देवी सुनुवारले आफ्नी भतिजीलाई पक्राउ गरेको र यातना दिएको कुरा प्रत्यक्ष देखेकी थिइन् । यसका अलावा आफ्नी भतिजीको बलात्कार र हत्याको बारेमा उनले दिएको बयान स्थानीय पत्रपत्रिकाहरूले सो घटना भएलगत्तै प्रकाशित गरेका थिए ।

## मैना सुनुवारको यातना र हत्या

मैनालाई पक्राउ गरेपछि वैशाख २०६१ सम्म पनि नेपाली सैनिक तथा सरकारले मैनाको अवस्था र उनको बेपत्ताबारे अनविज्ञता जाहेर गरिरहे । मैनाकी आमा र अन्य सहयोगीहरू पाँचखाल ब्यारेकलगायत अन्य आसपासका सैनिक ब्यारेकहरू, जिल्ला प्रशासन कार्यालय, काभ्रे र काभ्रेस्थित जिल्ला प्रहरी कार्यलयमा बारम्बार गई मैनाको अवस्थाबारे सोधखोज गरे तर तिनीहरूले केही पनि पत्ता लगाउन सकेनन् । लामो समयसम्म पनि मैनालाई के गरिएको छ भन्ने कुराको जानकारी भएन ।

चैत्र २०६१ मा गठित कोर्ट अफ इन्क्वायरी बोर्डको प्रतिवेदनमा मैनालाई पक्राउ गरेर पाँचखाल ब्यारेकमा अन्दाजी साढे आठ बजे ल्याएलगत्तै यातना दिएको कुरा सविस्तारमा उल्लेख गरिएको छ । सो विवरणको आधारमा सात जना सैनिक अधिकारीहरू (प्रमुख सेनानी बबी खत्री, सह-सेनानी निरञ्जन बस्नेत, सह-सेनानी सुनिल प्रसाद अधिकारी, सह-सेनानी अमित पुन, हुद्दा खडक बहादुर

[९] Human Rights Watch, "Between a Rock and a Hard Place," Chapter IV, October 6, 2004, http://www.hrw.org/en/node/11973/section/5

खत्री र अन्य दुई जना सैनिकहरू दिल बहादुर बस्नेत र श्रीकृष्ण थापा) लगभग ९० मिनेट जति यातना दिने कार्यमा या त संलग्न रहेको या प्रत्यक्षदर्शी रहेको कुरा खुल्दछ ।

उक्त विवरणमा मैनाउपर गरिएको यातनाको वर्णनका साथसाथै आतंककारी गतिविधिमा संलग्न भएको विषयमा प्रश्न गर्दा आफ्नो कुनै पनि संलग्नता नरहेको भनी मैनाले याचना गरेको तथ्य पनि उल्लेख गरिएको छ । सह-सेनानीद्वय सुनिल प्रसाद अधिकारी र अमित पुनको आदेशमा :

> *सि. श्रीकृष्ण थापाले मैना सुनारको कठालोमा समाई देक्चीमा रहेको पानीमा चोबल्ने कार्य सुरू गरेको रहेछ । करिब १ मिनेट पानीमा चोबल्दै निकाल्ने आदेश पाएपछि ६, ७ चोटी सि. श्रीकृष्णले चोबल्ने र निकाल्ने कार्य गरेको रहेछ । यसो गर्दा केटीले लगाएको सम्पूर्ण कपडा भिजेको र पटक पटक निजले पानी सङ्केर खोक्ने गरेकी थिई भन्ने कुरासमेत बुझिन आएको ।*[१०]

त्यसपछि महासेनानी बबी खत्रीले उनीलाई बिजुलीको करेन्ट लगाउने आदेश दिए । यो कुरा पनि कोर्ट अफ इन्क्वायरीको प्रतिवेदनमा लेखिएको छ :

> *मैना सुनारलाई पानीमा चोबल्ने निकाल्ने कार्य गर्दा पनि कुनै कुरा बकाउन नसकेपछि सह-से. सुनिल र सह-से. अमितले सि. श्रीकृष्ण थापालाई करेण्ट लगाउन अह्राएअनुसार निज सिपाहीले गिजरको लाईनबाट तार जडान गरी "यसको शरीरको कुन भागमा लगाऊँ" भन्दा पैताला र हातमा लगा भनी आदेश पाएपछि मैना सुनारको भिजेको पैताला र हातको नाडीमा करेण्ट लगाउने कार्य भएको रहेछ । यसले अझै पनि सम्झिइन अझै लगाएर सम्झा भनी सह-से. हरूले भनेपछि सि. श्रीकृष्णले ४, ५ चोटीसम्म मैना सुनारलाई करेण्ट लगाएको रहेछ ।*[११]

> *यसरी करेण्ट लगाउँदा मैना सुनार सुरूमा झस्केकी र ४, ५ चोटी करेण्ट लगाइसकेपछि निजको नाडीबाट रगत आएको देखि सि. श्रीकृष्ण थापाले यसको नाडीमा रगत आयो के गरू भनी करेण्ट लगाउन डराई त्यहाँबाट विस्तारै पछि हटी करेण्ट लगाउने कार्य गर्न छोडेको । त्यतिबेला मैना सुनार सिथिल भैसकेकी थिई भन्ने कुरा निजको बयानबाट खुल्न आएको । करेण्ट लगाएर सोधपुछ गर्दा मैना सुनारले २, ३ महिना माओवादी गतिविधिमा लागेको स्वीकार गरेकी थिई भन्नेसम्म बुझिन आएको तर यसलाई पुष्टी गर्ने अन्य प्रमाणहरू नभएको ।*[१२]

सि. श्रीकृष्ण थापाले मैनाको घाउहरूतर्फ इङ्गित गर्दै यातनाको क्रम रोक्न खोजे तर उच्चअधिकारीहरूले भने कत्ति पनि विचलित नबन्दै अमानवीय व्यवहारलाई निरन्तरता दिने क्रम जारीनै राखे । कोर्ट अफ इन्क्वायरी बोर्डको प्रतिवेदनले भन्छ :

---

[१०] कोर्ट अफ इन्क्वायरी बोर्ड २०६०, पृष्ठ ४, अनुच्छेद ११ ।

[११] कोर्ट अफ इन्क्वायरी बोर्ड २०६०, पृष्ठ ४, अनुच्छेद १३ ।

[१२] कोर्ट अफ इन्क्वायरी बोर्ड २०६०, पृष्ठ ४, अनुच्छेद १४ ।

> *सि. श्रीकृष्ण थापाले पछि हटिसकेपछि सह-से. सुनिल र अमितले त्यहाँ रहेको हु. खडक बहादुर खत्रीलाई अझै करेण्ट लगाएर सम्झा भनी अह्राएपछि निज हु. ले करेण्ट लगाउन थालेको रहेछ । करिब १:३० घण्टाको यातना पछि पनि मैना सुनारबाट खास उल्लेखनीय कुरा नखुलेपछि यसलाई अब खाना खुवाएपछि सोधपुछ गर्ने भनी मन्दिरनिरको हावाघरतर्फ पठाएको भन्ने समेत स्पष्ट हुन आयो ।*[१३]

मैना सुनुवार हिरासतमा मारेको कुरालाई उनीविरूद्ध गरिएको यातना र उनको मृत्युमा संलग्न रहेको व्यक्तिहरूको नामावली पनि कोर्ट अफ इन्क्वायरीको प्रतिवदेनबाट प्रस्टिन्छ । प्रतिवेदनमा भनिएको छ :

> *आँखामा पट्टी लगाएको र हात पछाडिपट्टि बाँधिएको अवस्थामा हावाघर नजिक राखिएकी मैना सुनारको लागि सेन्ट्री खटाइएको । त्यसबेला त्यहाँ हु. खडक बहादुर खत्री, सि. श्रीकृष्ण थापासमेत रहेको बुझिएको । दिनको करिब ११.०० बजेतिर मैना सुनारले वान्ता गरी मुखबाट फिज काटी सिरियस अवस्थामा पुगेपछि सेन्ट्रीले सो कुरा हु. खडकलाई भनेको र हु. खडकले सुतिरहेका सेनानी निरञ्जन बस्नेतलाई खबर गरेपछि निज सेनानी र हु. खडक बहादुर दुवै जना म.से. बबी खत्रीको कोठामा जानकारी गर्न पुगेका रहेछन् । सेनानी निरञ्जन बस्नेत समेतले मैना सुनारको अवस्था गम्भीर भएको छ भनी जानकारी गर्दा मेडिकल बोलाउ भनी म.से. बबी खत्री समेत भई मैना भएको ठाउँमा जाँदा निजको अवस्था चिन्ताजनक रहेको र मेडिकल अर्दली आई चेक गर्दा मृत्यु भैसकेको भन्ने जानकारी गराएको ।*[१४]

## लासको गोप्य दफन र ढाकछोप गर्ने प्रयत्न

कोर्ट अफ इन्क्वायरी बोर्डको प्रतिवेदन र कोर्ट मार्शलको फैसलाका अनुसार महासेनानी बबी खत्रीले सह-सेनानी अमित पुनलाई मैनाको शवलाई गोप्य रूपमा दफन गर्ने कार्यमा व्यवस्था मिलाउन निर्देशन दिएको कुरा खुल्दछ ।[१५] उनलाई दफन गर्नुभन्दा पहिले हिरासतबाट भाग्न खोजेको भान पार्न मैनाको शरीरमा गोली पनि हानिएको तथ्य पनि खुल्दछ ।[१६] लासलाई गाडिसकेपछि, सम्पूर्ण घटनालाई छोप्ने प्रयास गर्नका लागि सैनिक अधिकारीहरूले मैनाको हत्यालाई "भिडन्तमा मृत्यु भएको" हौवा खडा गर्न षड्यन्त्र रचे । बबी खत्रीको आदेशानुसार सह-सेनानी निरञ्जन बस्नेतले पाँचखाल प्रहरी चौकीबाट प्रहरी बोलाई गलत मुचुल्का तयार पारे ।[१७] सोही दिन नेपाली सैनिकले एक प्रेस वक्तब्य जारी गऱ्यो र राज्यका सञ्चार माध्यमहरूबाट होस्के जंगलको नजिक एउटा आतंककारी सैनिकको गाडीबाट हाम फालेर भागेर जंगलतर्फ जाँदा र चेतावनी दिँदा पनि नफर्किए पछि गरिएको कारवाहीमा मारिएको समाचार प्रसारण गरेका थिए ।

[१३] कोर्ट अफ इन्क्वायरी बोर्ड २०६०, पृष्ठ ४–५, अनुच्छेद १५ ।

[१४] कोर्ट अफ इन्क्वायरी बोर्ड २०६०, पृष्ठ ५, अनुच्छेद १६ ।

[१५] OHCHR, pp 4-5.

[१६] Ibid.

[१७] ibid.

## जवाफदेहीताका लागि अभियान

एकपछि अर्को विरोधाभासपूर्ण वक्तव्यहरूले सेनाको विश्वसनीयतामाथि प्रश्न चिह्न खडा गरेकै थियो । यसै दौरान एउटा साप्ताहिक पत्रिकामा एकजना नाम उल्लेख नगरिएका सैनिकले पाँचखाल ब्यारेकमा कसरी एकजना महिलालाई स्तनमा करेन्ट प्रवाह गरी मारियो भन्ने विवरणको पाठक पत्र छापियो ।[१८]

मैनालाई बेपत्ता पार्ने सुरक्षा फौजनै जिम्मेवार रहेका भन्ने कुरामा विश्वस्त भएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार समुदायले सत्य पत्ता लगाउन तीव्र रूपमा वकालत तथा पैरवी सुरू गरे । मैना हत्यासम्बन्धी समाचारहरू राष्ट्रिय समाचारपत्रहरूका मुख्यपृष्ठहरूमा छापिन थाले । उक्त घटनाबारे छानबिन गर्न सरकारमाथि कूटनीतिक समुदायबाट पनि दबाब सुरू भयो ।

अन्ततः वैशाख २०६१ मा मैनाकी आमा देवी सुनुवार काठमाडौंस्थित नेपाल सैनिक मुख्यालय पुगिन जहाँ उनलाई मैना मारिएकी र उनको लुगाफाटा तथा अन्य सामान प्रहरी कहाँ बुझाइएको जानकारी दिइयो । तर प्रहरीले आफूलाई न त मैनाको मृत्युको सूचना प्राप्त भएको न कुनै लुगाफाटाहरूनै प्राप्त भएको जनायो । संयुक्त राष्ट्रसंघ मानवअधिकार आयोगकी तत्कालीन उच्च आयुक्त लुइस आरबरलगायत अन्तर्राष्ट्रिय समुदायले लगातार दबाब दिए पछि मात्र सेनाले आन्तरिक अनुसन्धान अगाडि बढायो र तीनजना दोषीहरूलाई सैनिक अदालत सामु प्रस्तुत गऱ्यो ।

## सैनिक कोर्ट अफ इन्क्वायरी

सेना सो घटनाको बारेमा अनुसन्धान गर्न बाध्य भएर मेजर जनरल श्री मोहन बहादुर बस्नेतको अध्यक्षतामा कोर्ट अफ इन्क्वायरी बोर्ड गठन गऱ्यो । कोर्ट अफ इन्क्वायरीले आफ्नो अनुसन्धान पूरा गरी मिति २०६१ चैत्र १ गते मैना सुनुवारको मृत्यु "मार्ने उद्देश्यले नभई सोधपुछ गर्ने नियतले यातना दिएको भएता पनि सोधपुछका अन्य विकल्पहरू हुँदाहुँदै अपरिपक्व एवं ज्यादै लापरवाही ढंगबाट चरम यातना दिइएको कारणबाट नै निजको मृत्यु भएको देखिदा महासेनानी बबी खत्री, सह-सेनानी सुनिल प्रसाद अधिकारी र अमित पुन समेतलाई सैनिक ऐन २०१६ बमोजिम कारवाही गर्नुपर्ने"[१९] भनी प्रतिवेदन प्रस्तुत भयो ।

नेपाल राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) र यातना तथा अन्य अमानवीय वा क्रुर व्यवहार वा सजायलगायत मानवअधिकारसम्बन्धी सबै जसो प्रमुख अन्तर्राष्ट्रिय सन्धिहरूको पक्ष राष्ट्र रहेको छ । मानवअधिकारसम्बन्धी कानूनले अन्य कुराहरू लगायत गैरन्यायिकरूपमा पक्राउ गर्न तथा हिरासतमा लिन, यातना दिन तथा अन्य अमानवीय व्यवहार गर्न, जबरजस्ती बेपत्ता तथा गैरन्यायिक हत्यालाई वर्जित गरेको छ ।

[१८] जनआस्था साप्ताहिक, पाठक पत्र, २०६० चैत्र २९ ।

[१९] Court of Inquiry Board report, p. 8.

उल्लिखित कानूनहरू उल्लंघन भएका ज्वलन्त उदाहरणहरूका बाबजुद पनि इन्क्वायरी बोर्डले मैनालाई यातना दिइएको भएता पनि सो मार्ने नै उद्देश्यले नभई सोधपुछ गर्ने नियतले दिएको राय प्रकट गरेको थियो । साथै मृत्यु भइसकेपछि मैनाको लास दफन गर्न गलत प्रक्रिया अपनाइएकोले जनरल सैनिक अदालत गठन गर्नुपर्ने राय उक्त बोर्ड दिएको थियो ।

## सैनिक अदालतको विफलता

कार्यरथी विभागको रायको आधारमा भन्दै मिति २०६१।१२।१ मा कोर्ट अफ इन्क्वायरी बोर्डको प्रतिवेदनअनुसार सैनिक ऐन २०१६ को दफा ९८ बमोजिम तत्कालीन उपरथी किरण शमशेर थापाको अध्यक्षतामा सहायक रथीहरू, विष्णु बहादुर गुरूङ, शरद कुमार न्यौपाने, महासेनानीहरू हेमन्त राज कुवर, अजित सिंह ठकुरी र प्राड विभागका महासेनानी निरेन्द्र प्रसाद अर्याल प्रतिनिधि रहने गरी जनरल सैनिक अदालत गठन गरी मुद्दा पुर्पक्ष गरियो ।[२०]

बोर्डको प्रतिवेदनअनुसार निरञ्जन बस्नेत मैनालाई पक्राउ गर्ने सैन्य गस्ती टोलीका इञ्चार्ज थिए र मैनाको टाउको पानीमा डुबाई बयान लिन खोजिदा लगायतका सुरूमा भएका केरकारका बेला उनी उपस्थित थिए । निरञ्जन बस्नेत मैनाको मृत्यु पछि काभ्रे प्रहरीलाई खबर गर्न र तत्पश्चात मैनाको मृत्यु बारे ढाकछोप गर्ने कार्यमा समेत संलग्न रहेका थिए भन्ने कुरा उक्त प्रतिवेदनमा उल्लेख छ ।

कोर्ट अफ इन्क्वायरी बोर्डको प्रतिवेदनलाई आधार मान्दै महासेनानी बबी खत्री, सह-सेनानी सुनिल प्रसाद अधिकारी र अमित पुन समेतलाई सैनिक अदालतमा कारवाही गरियो तर सो प्रतिवेदनमा निरञ्जन बस्नेतको नाम प्रमुखताका साथ आएता पनि उनलाई सैनिक अदालत सामु भने उभ्याइएन । हालसम्म प्राप्त भएका कागजातहरूका आधारमा निरञ्जन बस्नेतलाई किन सैनिक अदालतमा कारवाही गरिएन भन्ने कुराको पुष्टि भने गर्न सकिएको छैन ।

सैनिक अदालतले बबी खत्री लगायतका १३ जनासँग लिएको बयानका आधारमा मिति २०६२।५।२३ मा फैसला गऱ्यो । सैनिक अदालतले महासेनानी बबी खत्री, सह-सेनानी सुनिल प्रसाद अधिकारी र अमित पुनलले सोधपुछ गर्न गलत तरिका अपनाइएको र लास कानुनी प्रक्रिया नपुऱ्याई गाडिएकोमा दोषी रहेका कुरा ठहर गऱ्यो ।

अदालतले महासेनानी बबी खत्रीलाई पदीय जिम्मेवारी बहनसमेत गर्न नसकेकोले निजबाट सैनिक ऐन २०१६ को दफा ५४ र ६० को कसूरमा सोहि बमोजिम ६ महिना कैद र २ वर्ष बढुवा रोक्का, सह-सेनानी सुनिल प्रसाद अधिकारीलाई सैनिक ऐन २०१६ को दफा ५४ र ६० तथा शाही नेपाली सेनाबाट पटक पटक मानवअधिकार तथा मानवीय कानूनको पालनासम्बन्धी निर्देशिका विपरीत भए गरेको कुरा ठहरिन आएकोले ६ महिना कैद र १ वर्ष बढुवा रोक्का, अमित पुनलाई सैनिक ऐन २०१६ को दफा

[२०] Court martial judgement, September 8, 2005, page 1.

५४ र ६० तथा शाही नेपाली सेनाबाट पटक पटक मानवअधिकार तथा मानवीय कानूनको पालनासम्बन्धी निर्देशिका विपरीत भए गरेको कुरा ठहरिन आएकोले ६ महिना कैद र १ वर्ष बढुवा रोक्काको फैसला गऱ्यो । साथै फैसलाले पीडित परीवारलाई रू. १५०,०००/- क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्नुका साथै बबी खत्रीबाट रू. ५०,०००/-, सुनिल प्रसाद अधिकारीबाट रू. २५,०००/- र अमित पुनबाट रू. २५,०००/- हर्जाना गरी जम्मा २ लाख ५० हजार रूपैयाँ क्षतिपूर्तिको सिफारिस गऱ्यो ।

तर आश्चर्यजनक रूपमा तीमध्ये कसैलाई पनि मैनाको हत्याका लागि भने दोषी ठहऱ्याइएन । दोषी अधिकृतहरूलाई जेल चलान पनि गरिएन किनकी उनीहरूविरूद्ध सैनिक अदालतमा कारवाही चलिरहँदा नै उनीहरूले फैसला गरिएको कैद सजायको समयाअवधि हिरासतमै काटिसकेका थिए ।

तत्कालीन अवस्थामा सेना भित्र भएका उल्लंघनहरू बारे सूचना पाउनु लगभग असम्भवनै थियो । जनरल सैनिक अदालतको फैसलाको सार्वजनीकरण पनि निकै लामो कानुनी लडाइबाट मात्र हुन सकेको हो । सो मिसिल सर्वोच्च अदालतमा आए पनि सरोकारवाला मुद्दाको निवेदक देवी सुनुवारको तर्फबाट कानून बमोजिम नक्कल माग गरेकोमा सर्वोच्च अदालतका रजिष्ट्रारले गोप्य भनी कारण बिना नै दिन इन्कारी गरेकोमा सो आदेश उपर निवेदन गरेपछि सूचनासम्बन्धी ऐन २०६३ बमोजिम सर्वोच्च अदालतले उक्त फैसलाको नक्कल कानून बमोजिम दिन भने पछि मात्र प्राप्त भयो । अदालतको आदेश हुँदा पनि मैना हत्या सम्बन्धमा जनरल सैनिक अदालतको सबै कागजातहरू अझै उपलब्ध गराइएको छैन । काभ्रे अदालतले २०६६ भदौ २८ मा जारी गरेको यस्तै आदेशलाई हालसम्म पनि सम्मान नगरेको अवस्था छ ।

सेनाको आफ्नै आन्तरिक अदालत रहेको सैनिक अधिकारीहरूलाई नागरिक अदालत सामु उभ्याइनु पर्ने आवश्यकता नरहेको दाबीहरूका बाबजुद जनरल सैनिक अदालतबाट भएको फैसलाले सशस्त्र द्वन्द्वकालमा जघन्य मानवअधिकार उल्लंघन भएता पनि पीडकहरूलाई जवाफदेही बनाउन बारम्बार विफलता किन बेर्होनु पर्छ भन्ने कुराको परोक्ष चित्रणसमेत गर्दछ ।

## अनुसन्धान गर्न प्रहरीको इन्कारी

सेनाको आन्तरिक अनुसन्धान र कारवाहीबाट मृतककी आमा देवी सुनुवारले असन्तोष प्रकट गर्दै चार संदिग्ध दोषीहरू विरूद्ध काभ्रेपलाञ्चोक जिल्ला प्रहरी कार्यलयमा जाहेरी दरखास्त दिने निधो गरिन् । मिति २०६२।७।२७ मा देवी सुनुवार मानवअधिकारकर्मीहरूको एक समूह लिई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ १३(३) अनुसार सर्वस्व सहित जन्म कैद हुनु पर्ने जाहेरी दर्ता गर्न काभ्रेपलाञ्चोक जिल्ला प्रहरी कार्यलयमा पुगे । तर जिल्ला प्रहरी कार्यलयले जाहेरी दर्ता गर्न नै इन्कार गरिदियो । त्यसपछि उनी काभ्रे जिल्ला प्रशासन कार्यलयमा सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा ३(५) बमोजिम जाहेरी दर्ता गर्न जाँदा जिल्ला प्रशासन कार्यलयले जिल्ला प्रहरी कार्यलयलाई जाहेरी दर्ता गर्न निर्देशित गऱ्यो । सो को बाबजुद पनि जिल्ला प्रहरी कार्यलयले सो जाहेरी दर्ता गर्ने

आँट गरेन र माथिल्लो निकायहरूमा सोधपुछ गर्ने र निर्देशनको पर्खाइमा भनेर आफ्नो जिम्मेवारीबाट पञ्छिन खोज्यो । अन्ततः महान्यायाधिवक्ताको कार्यालयसम्म पुगेपछि सो कार्यलयको निर्देशन पछि मात्र उक्त जाहेरी दरखास्त जिल्ला प्रहरी कार्यलयमा दर्ता गरियो । जसमा देवी सुनुवारले महासेनानी बबी खत्री, सह-सेनानी सुनिल प्रसाद अधिकारी र अमित पुनलगायत सेनानी निरञ्जन बस्नेतको नाम पनि किटान गरिएको थियो ।

किटानी जाहेरी गरेको लामो समयसम्म कुनै प्रभावकारी अनुसन्धान हुन सकेन । मिति २०६३।०९।२६ का दिन मैनाकी आमा देवी सुनुवारले जिल्ला प्रहरी कार्यलय र सरकारी वकिलद्वारा अनुसन्धान पूरा गराइ पाऊँ भनी सर्वोच्च अदालतमा परमादेशको रिट निवेदन दायर गरिन् । मिति २०६३।९।२७ मा सर्वोच्च अदालतले प्रारम्भिक सुनवाई पछि जिल्ला प्रहरी र सरकारी वकिल कार्यालयलाई १५ दिन भित्र "कारण देखाऊ" आदेश जारी गऱ्यो । जसअनुसार १५ दिन भित्र अनुसन्धानकार्य पूरा गर्न वा त्यसो गर्न नसकिएमा सोको कारण खुलाई अदालतलाई जानकारी दिन आदेश जारी गऱ्यो । सो मुद्दालाई प्राथमिकता राख्न मुद्दामा कानूनी सहयोग गरिरहेको एड्भोकसी फोरमले अदालतसँग माग गऱ्यो र अदालतले पनि मागबमोजिमनै मुद्दामा अग्राधिकार प्रदान गऱ्यो । सर्वोच्च अदालतको यो आदेश बास्तवमा ऐतिहासिक आदेश थियो, समयावधि किटान गरेरै अनुसन्धान पूरा गर्नु भनेको यो सम्भवत पहिलो आदेश नै हो ।

मिति २०६३।१०।१८ मा जिल्ला प्रहरी कार्यालयले अनुसन्धान हुँदै गरेको व्यहोरासहित सर्वोच्च अदालतलाई जवाफ पठायो । मिति २०६३।११।२ मा सरकारी वकिल कार्यालयले सो मुद्दाबारे थप जानकारी पठायो । जसमा प्रहरी कार्यालयले सो मुद्दाको अनुसन्धान गर्ने र अनुसन्धान दर्ता पछि उपयुक्त कारवाही गर्ने छ भन्ने उल्लेख गरिएको थियो । सन् २००७ मार्चमा पाँचखाल सैनिक ब्यारेकमा गैर कानुनीरूपमा गाडिएको मैनाको लास उत्खनन् गरियो । (जुलाईमा गरिएको फरेन्सिक जाँचले सो लास मैना कै भएको प्रमाणित गरेको छ ।) मिति २०६४।१।२५ मा सर्वोच्च अदालतले सैनिक मुख्यालयलाई एक हप्ता भित्र सैनिक अदालतको फैसलाको सक्कल कागजात प्रस्तुत गर्न आदेश दियो ।

मिति २०६४।२।२८ मा सैनिक मुख्यालयले कोर्ट अफ इन्क्वायरी र सैनिक अदालतको फैसलाका प्रतिलिपिहरू मात्र सर्वोच्च अदालतलाई बुझायो अन्य कागजातहरू भने बुझाएन । सुरूमा सर्वोच्च अदालतका रजिष्ट्रारले उक्त कागजातहरूसम्म पीडितका परिवार तथा वकिलहरूलाई पहुँच दिइएन । मिति २०६४।३।१३ मा एड्भोकेसी फोरमले सो आदेश उपर सूचना ऐन २०६३ बमोजिम सर्वोच्च अदालतमा निवेदन दायर गऱ्यो । मिति २०६४।३।२२ मा सैनिक अदालतको फैसलासँग सम्बन्धित सबै कागजात प्रस्तुत गर्न तथा अनुसन्धानमा पूर्णतया सहयोग गर्न सेनालाई आदेश दिइयो । तर सेनाले अदालतको आदेश बमोजिम मैना हत्या सम्बन्धमा सबै कागजातहरू अहिलेसम्म उपलब्ध गराएको छैन ।

मिति २०६४।६।१ मा सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालयलाई ३ महिना भित्र अनुसन्धान पूरा गर्नु भनी आदेश जारी गऱ्यो । सर्वोच्च अदालतको यो आदेश वास्तवमा ऐतिहासिक आदेश थियो, समयावधि किटान गरेरै अनुसन्धान पूरा गर्नु भनेको यो सम्भवतः पहिलो आदेश नै हो ।

सर्वोच्च अदालतले आदेश दिए पछि प्रहरीले किटानी जाहेरी दर्ता त गऱ्यो तर अनुसन्धान प्रक्रिया भने प्रभावकारी हुन सकेन । सो समय सेनामा नै कार्यरत ती आरोपीहरूलाई पक्राउ गर्न प्रहरी बिफल रह्यो । सेनाका असहयोगका कारण यसो गर्न नसकिएको भनी प्रहरीले सेनालाई दोष लगाएको थियो । सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा ४, १०, १४ ले प्रहरीलाई सम्बद्ध निकाएको सहयोग बिना पनि आरोपितहरूलाई पक्राउ गर्न सक्ने अधिकार दिएको छ । तर प्रहरीले उसलाई दिइएको अधिकारको उचित उपयोग गरेन । प्रहरीले जनरल सैनिक अदालतले पुछताछ गरेका १३ जनालाई न त सोधपुछ नै गऱ्यो न त उनीहरूको बयान नै लियो । प्रहरीको अनुसन्धान उल्लेखनीय नभएता पनि नेपाल प्रहरी तथा सरकारी वकिल कार्यालयले अनुसन्धान पूरा गरेको भन्दै मिति २०६४।१०।१७ का दिन अदालतमा अभियोग पत्र दर्ता गऱ्यो । सोही दिन जिल्ला अदालत काभ्रेले ती चार आरोपित विरूद्ध पक्राउ पुर्जी जारी गऱ्यो ।

जिल्ला अदालतको आदेशअनुसार ७० दिन भित्र अदालत सामु प्रस्तुत हुन प्रतिवादीहरूका ठेगानामा म्यादी पुर्जी तामेल गरिएको थियो । तर हस्ताक्षर नभएका कारण निरञ्जन बस्नेतलाई भने म्यादी पुर्जी तामेल गरिएन । समयको अभावले मिति २०६४।९।०१ को सुनुवाई पछाडि सारिएको थियो र फेरि काभ्रेमा भएको हडतालका कारण पुनः मिति २०६४।९।१ पछाडि सारियो ।

अदालतका लेखनदासद्वारा देवी सुनुवारका वकिल र सरकारी वकिललाई सुनवाईको मितिको सम्बन्धमा गलत सूचना बताइएकोले मिति २०६६।१०।१ मा पुनः हुने भनिएको सुनवाई हुन सकेन । २०६५।११।७ मा कोर्टले निरञ्जन बस्नेतको नाम म्यादी पुर्जी पुनः तामिल गऱ्यो र उनलाई २०६६।१।१४ को दिन सो पुर्जी दिइयो ।

त्यसपछिका धेरै महिनासम्म अदालतले साक्षी तथा प्रमाणसम्बन्धी कुनै पनि आदेश जारी गरेन । अन्तमा, २०६६ भदौ २८ मा जिल्ला अदालतले सैनिक ऐनको २०६३ को दफा ६६(३)[२१] अनुसार शाही सेनाको

[२१] सैनिक ऐन-२०६३ को दफा ६६ अन्य कानून अन्तर्गतका कसूरहरू :

(१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले दफा ३८ देखि ६५ सम्मका कसूरहरु गरेको अवस्थामा र उल्लिखित कसूरहरु सैनिक सैनिक बीच भएको अवस्थामा वाहेक यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले देहाय बमोजिमको कसूर गरेमा सो सम्बन्धी मुद्दा अन्य अदालतको क्षेत्राधिकारभित्र पर्नेछ :-

(क) हत्या,

(ख) बलात्कार ।

(२) उपदफा (१) बमोजिमको कसूरमा संलग्न भनी आरोपित व्यक्तिहरूलाई सो सम्बन्धमा अपराध अनुसन्धान तहकीकात गर्ने निकाय वा अनुसन्धान अधिकृतको आदेश भएमा त्यस्ता व्यक्तिहरू काम गरिरहेको स्थानको कमाण्डिङ्ग अधिकृत वा पति वा सम्बन्धित अधिकृतले माग गरेको निकाय वा अधिकृतलाई बुझाउनु पर्नेछ । कुनै व्यक्ति सेवा निवृत्त वा भगौडा भएमा पनिप्रचलित कानून बमोजिम अनुसन्धान र कारबाही गर्न कुनै बाधा पुग्ने छैन ।

(३) अन्य अदालतको क्षेत्राधिकारभित्र परी अनुसन्धानको क्रममा रहेको यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्ति थुनामा रहेको अवधि भर र अदालतमा मुद्दा चलेकोमा अन्तिम फैसला नभए सम्म स्वतः निलम्बनमा रहनेछ ।

(४) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिका हकमा अन्य अदालतको क्षेत्राधिकार अन्तर्गतको अपराधमा अनुसन्धान शुरू भैसकेको भए तापनि यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कसूरका सम्बन्धमा कोर्ट अफ इन्क्वायरी गठन गरी अनुसन्धान गर्न र त्यस्तो व्यक्ति उपर आवश्यक कारबाही चलाउने कार्यमा यस दफाको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

मुख्यालयको नाममा एक महत्वपूर्ण आदेश जारी गर्दै यस प्रकरणका मुख्य चार अभियुक्तहरूमध्ये सेनानी निरञ्जन बस्नेतलाई स्वतः निलम्बन गर्ने प्रक्रिया अगाडि बढाउने र सैनिक कोर्ट अफ इन्क्वायरीले अन्तर्वार्ता लिएका व्यक्तिहरूको मिसिल बुझाउन सैनिक मुख्यालयलाई निम्न लिखित आदेश दियो :

१) सैनिक ऐनको दफा ६६(३) अन्तर्गत (सेनानीमा बढुवा भइसकेका) सह-सेनानी निरञ्जन बस्नेतलाई निलम्बन गर्न;
२) जिल्ला महान्यायाधिवक्ताको कार्यालयलाई कानुनीरूपमा प्रमाणहरूको जाँच गर्न अनुसन्धानका बेला परामर्श गरिएका अन्यलगायत जाहेरवालालाई प्रस्तुत गर्न; र
३) नेपाल सेनालाई जनरल सैनिक अदालतको फैसलामा तोकिएका अन्य सैन्यहरू तथा प्रतिवादीहरूका बयानहरू प्रस्तुत गर्न ।

तर पनि सैनिक मुख्यलयले अदालतको आदेशको पालना गरेन । यसले न त अदालतले कागजात बुझाउन दिएको आदेशको पालना नै गर्‍यो न त सेनानी बस्नेतलाई निलम्बन गर्ने प्रक्रियालाई नै अगाडि बढायो । तर पछि सेनानी बस्नेत संयुक्त राष्ट्रसंघीय शान्ति मिशनअन्तर्गत् चाड गणतन्त्रमा कार्यरत् रहेको जानकारी प्राप्त भयो । तर संयुक्त राष्ट्रसंघलाई उनी मैना हत्याकाण्डमा संलग्न भएको जानकारी दिइएपछि उनलाई शान्ति सेनाको मिशनबाट फिर्ता पठाइयो । नेपालको इतिहासमा यो नै त्यस्तो पहिलो घटना हो जसमा संयुक्त राष्ट्रसंघीय शान्ति मिशनअन्तर्गत् कार्यरत् व्यक्तिलाई मानवअधिकार हनन्को घटनामा संलग्न भएको अभियोगमा फिर्ता पठाइएको थियो । यस मुद्दामा भइरहेको सनसनीखेज प्रगतिले न्याय हुन्छ कि भन्ने आशा पनि जागृत गरायो ।

तर पनि सेनानी बस्नेतलाई २०६६ मंसिर २७ मा सेनाले त्रिभुवन विमानस्थलबाट आफ्नो नियन्त्रणमा लिई संरक्षण दिएर राखिरहेको अवस्था छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार संघसंस्थाहरूको दबाबका बाबजुद सेनानी बस्नेतलाई अहिलेसम्म पनि नागरिक निकायहरूसमक्ष हस्तान्तरण गरिएको छ । यो मुद्दा विचाराधिन अवस्थामा छ ।

## अन्तर्राष्ट्रिय समुदायको भूमिका

माथि भनिए जस्तै मैना सुनुवार हत्याको घटनामा जवाफदेहिता र न्यायका लागि अन्तर्राष्ट्रियरूपमा जोड दिनेहरू मध्यमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगकी उच्च आयुक्त लुइस आरबरको पनि सक्रिय भूमिका थियो । सन् २००५ जनवरीमा पनि नेपाल भ्रमणका बेला उहाँले देवी सुनुवारसँग भेट गर्नुभएको थियो । उहाँलाई नेपाली सेनाका तात्कालीन सेनापति तथा गृहमन्त्रीसँगको भेटमा पनि कुनै ढिलाई बिना सो घटनाको अनुसन्धान गरिने आश्वासन दिइएको थियो ।[२२] नेपालस्थित संयुक्त

[२२] OHCHR-Nepal, "OHCHR-Nepal insists on full investigation of Maina Sunuwar case following exhumations of remains", March 24, 2007, http://nepal.ohchr.org/en/resources/Documents/English/pressreleases/Year%202007/MAR2007/2007_03_24_Maina_exhumation_E.pdf

राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको कार्यालयले सन् २००६ डिसेम्बरमा एउटा प्रतिवेदन प्रकाशन गर्नु लगायत सो घटनाको सम्बन्धमा न्यायका लागि पैरवी गर्ने कार्य उत्तिकै तदारूकता साथ जारी राखेको छ । अन्तर्राष्ट्रिय समुदायका अन्यको भूमिका भने केही हदसम्म अस्पष्ट नै छ । उदाहरणका लागि सन् २००७ मा तात्कालीन सेनापति रूकमांगत कटुवाल संयुक्त अधिराज्यको भ्रमणमा जाँदा मैनाको घटनालाई केवल आन्तरिकरूपमा मात्र उठाइयो । उहाँले प्रहरी अनुसन्धानमा सेनाले सहयोग गर्ने बारम्बार वचन पनि दिनु भएको थियो । हालै नेपाल भ्रमणमा आएका संयुक्त अधिराज्यका प्रधानसेनापतिले नेपाललाई पुनः सैनिक सहायता दिइने सम्बन्धमा छलफल गरिएको साथै रक्षामन्त्रीसँगको भेटघाटमा नेपाली सेनाको मानवअधिकासम्बन्धी र विशेषगरी मैना सुनुवारको विषय उठाएको बताइन्छ । तर रक्षामन्त्रीले भने सैनिकको कोर्ट अफ इन्क्वायरी बोर्डले सेनानी बस्नेतलाई सफाई दिइसकेको र निजलाई अदालतमा उपस्थिति गराउन नपर्ने जिकिर गर्नुभएको बताइएको छ ।[२३] तर उनले मानवअधिकारका विषयहरूलाई सार्वजनिकरूपमा भने उठाएनन् । अर्कोतर्फ संयुक्त राज्य अमेरिका भने अलि कडा बनेर प्रस्तुत भएको छ । डिसेम्बर १६, २०१० मा अमेरीकी राष्ट्रपति बाराक ओबामाले कन्सोलिडेटेड अप्प्रोप्रीएशन ऐन २०१० मा हस्ताक्षर गर्नुभयो जसअनुसार अन्यलगायत मानवअधिकारका दयित्वहरू पूरा नगरेसम्म नेपाली सेनालगायत नेपालका सशस्त्र बलहरूलाई सहयोग रोक्का हुने उल्लेख गरिएको छ ।[२४] सो कानूनअन्तर्गत् मानवअधिकार उल्लंघनहरूका मुद्दाहरूमा पूर्णरूपमा सहयोगलगायतका केही मापदण्ड पूरा गरे मात्र अमेरीकाको विदेशी सेना सहयोग कार्यक्रमको कोषअन्तर्गत् सहयोग उपलब्ध हुने छ । ती मापदण्डहरू यस प्रकार छ्न :

१) अन्तराष्ट्रियरूपमा मान्यता प्राप्त मानवअधिकार उल्लंघनका घटनाहरूमा नागरिक अदालतबाट हुने अनुसन्धान र कारवाहीमा पूर्णतया सहयोग गर्नुपर्ने;

२) नेपाल सेनाको मिशनलाई पुनः परिभाषित गर्न, बजेटको पारदर्शिता र जवाफदेहिताका लागि सहयोग पुऱ्याउन सिभिल मिनिष्ट्रि अफ डिफेन्स स्थापनालगायतका सुधारहरू लागू गर्ने र शान्ति, स्थायित्व तथा मेलमिलापका उद्देश्यहरूसँग मिल्ने गरी पूर्व विद्रोही लडाकूहरूलाई सेनामा समायोजन गर्न सहयोग गर्ने तर्फ रचनात्मकरूपले कार्य गर्ने ।

नेपाली सेनालाई सबैभन्दा बढी भारतीय सेना र सरकारको सहयोग छ । मंसिर २०६६ मा प्रधानसेनापति छत्रमान सिंह गुरूङ्ग भारत भ्रमणमा भएकै बेला भारतले नेपाललाई सैनिक सहयोग पुनः दिने घोषणा गरेको थियो । भारतीय नागरिक समाजका अपिलहरूका बाबजुद नेपालका जवाफदेहिता बारेका विषयहरूमा हालसम्म भारतीय सरकार मौन रहेको छ ।[२५]

[२३] Kathmandu Post, "Bhandari defends army over rights violation", February 10, 2010, http://www.ekantipur.com/2010/02/10/National/Bhandari-defends-army-over-rights-violation/308107/

[२४] Republica, Obama Stalls US Aid to Nepal", December 19, 2009,

[२५] Asian Centre for Human Rights, "Visiting Nepal Army Chief Urged to Hand Over Major Niranjan Basnet to Police", December 17, 2009, http://www.achrweb.org/press/2009/NP0609.html

# ४

# असंगत तर्कहरू र कानुनी वास्तविकता

नेपाल सरकार र नेपाली सेना दुवैले देशको संविधान, सर्वोच्च अदालतका निर्देशनात्मक फैसलाहरू र नेपाल पक्ष रहेको राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) धारा २(३) अनुरूप जीवन रक्षाको अधिकारसहित संरक्षित आधारभूत अधिकारविरूद्ध भएका उल्लंघनका घटनाहरूउपर प्रभावकारी कानुनी व्यवस्थाको प्रत्याभूति सुनिश्चित गर्ने मान्यन्ताहरूलाई ठाडै उपेक्षित गर्ने खालका तर्कहरू अघि सारेका छन् ।

मैना सुनुवारको हत्या जङ्गी कारवाहीका दौरानमा भएको हो ! नेपाली सेनाद्वारा गठित आफ्नै जनरल सैनिक अदालतले यो मुद्दामाथि कारवाही गरिसकेको छ । यस मुद्दालाई फेरि नागरिक अदालतमा उठाइनु दोहोरो खतराको सिद्धान्तविरूद्ध भएको ठहर्छ । भन्ने जस्ता तर्कहरू नेपाली सैनिकले अघि सारेको पाइन्छ । तर यी तर्कहरू नेपालको प्रचलित कानून र नेपालको अन्तर्राष्ट्रिय कानूनअन्तर्गत्को दायित्वसँग पूर्णत असंगत साबित हुन्छन् ।

संयुक्त राष्ट्र शान्ति स्थापना मिशनअन्तर्गत् अफ्रिकी राष्ट्र चाड गणतन्त्रमा खटाइएका सेनानी निरञ्जन बस्नेतलाई त्यहाँबाट फर्काइएपछि त्रिभुवन विमानस्थलबाट सैनिक प्रहरीले हिरासतमा लिई निजको स्वदेश प्रत्यावर्तनका सम्बन्धमा अनुसन्धानपश्चात् सम्बन्धित निकायमा निजलाई सुम्पिने कुरा प्रारम्भमा नेपाली सेनाले बतायो ।[२६] यद्यपि, यो फगत मिथ्यानै साबित भएको छ ।

विगतमा घटेका मानवअधिकार उल्लंघनका घटनाका आरोपितहरूलाई माफीको व्यवस्था गर्नुपर्ने तथा द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई संक्रमणकालीन न्याय संयन्त्रहरूद्वारा

---

[२६] Republica, "Court of Inquiry on Basnet likely on Monday", December 20, 2009, http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=13070

सम्बोधन गरिनुपर्छ भन्ने मत सरकारी अधिकारीहरूले राख्दै आइरहेका छन् । तथापि, यी तर्कहरू पनि अन्तर्राष्ट्रिय कानूनविरूद्धनै देखिन्छन् ।

तल छलफल गरिएका सिद्धान्तहरू जघन्य मानवअधिकार हनन् वा युद्ध अपराधमा संलग्न सबै खाले आरोपित व्यक्तिहरूविरूद्ध (चाहे ती माओवादी हुन् वा राज्यपक्ष) समानरूपले लागू हुन्छन् ।

## दोहोरो खतराको सिद्धान्त

जनरल सैनिक अदालत जस्तो स्वतन्त्र तथा सक्षम अंगले फैसला सुनाइसकेको तथा सजाय कार्यान्वयनसमेत भैसकेको अवस्थामा मैना हत्याको अभियोगमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) बमोजिम सजाय हुन सक्तैन भनी बारम्बार रूपमा दोहोरो खतराको सिद्धान्तको तर्क अगाडि सार्ने गरिएको छ । सैनिक मुख्यालयका कानुनी विभाग प्रमुख सहायक रथी बिए कुमार शर्माले जिल्ला प्रहरी कार्यालय काभ्रेलाई २०६३ जेठ ८ गते प्रेषित गरेको पत्रमा चार जना सैनिक अधिकारीहरूविरूद्ध कारवाही गरिनु कानूनसम्मत हुँदैन भन्ने राय व्यक्त गरेका थिए ।

यद्यपि, उक्त तर्क पूर्णरूपमा आधारविहीन तथा सतही छ । यहाँ बिर्सन नहुने सर्वाधिक महत्वपूर्ण तथ्य के छ भने सैनिक अदालतको फैसलाले उपरोक्त सजाय ती अभियुक्तहरूले गरेको अभियोगमा आधारित नभई लापरवाही र गैरजिम्मेवारी तवरले गलत तरिका अपनाई सोधपुछ गरेको, प्रचलित कानूनको प्रक्रिया पूरा नगरी लास गाडेको, मानवअधिकार र मानवीय कानूनको पालना नगरेको भनी सैनिक ऐन २०१६ को दफा ५४ र ६० बमोजिम सजाय गरेको छ ।[२७]

यसका अलावा यो मुद्दाको छिनोफानो सैनिक अदालतले गरिसकेको अवस्थामा सेनानी निरञ्जन बस्नेतलगायतका ४ आरोपीहरू विरूद्ध पुनः नागरिक अभियोजनको प्रक्रिया थालनी गर्नु दोहोरो खतराको सिद्धान्त विरूद्ध हुन्छ भन्ने तर्क अघि सारिएको अवस्था पनि छ । माथि वर्णित अन्तर्राष्ट्रिय कानून र अन्य मान्यताहरूका अतिरिक्त सर्वोच्च अदालतले समेत यो मुद्दामाथि फैसला गरिसकेको छ । स्मरणीय के छ भने जनरल सैनिक अदालतको फैसलाको समीक्षा गरेपछि मात्र सर्वोच्च अदालतले २०६४ असोज १ मा फैसला सुनाउदै काभ्रे जिल्ला अदालतलाई यो मुद्दाको जिम्मा दिने निर्णय गरेको थियो ।

बेपत्ता, यातना तथा गैरन्यायिक हत्या जस्ता सङ्गीन मानवअधिकार हननका दोषी ठहरिएका आफ्ना मातहतका अधिकृतहरूविरूद्ध कानुनी कारवाही गर्न सेनालाई छुट दिनु कत्तिको प्रत्योत्पादित साबित हुन सक्छ भन्ने कुरा जनरल सैनिक अदालतको निर्णयले देखाउँदछ । पानीले भरिएको ड्रममा डुबाएर विद्युतीय झट्का लगाइएर मैनालाई लामो अवधिसम्म यातना दिइएको यथार्थ सैनिक अदालको

[२७] OHCHR-Nepal, " The Torture and Death in Custody of Maina Sunuwar", December 2006, page 24.

फैसलमा प्रस्ट उल्लेख गरिएको छ ।[२८] यातना दिएको भन्ने स्पष्ट तथ्यहरूलाई आफैँले प्रस्तुत गरे तापनि जनरल सैनिक अदालतले मृत्युको भार पीडितमा नै सुम्पेको देखिन्छ :

> *सोधपुछको क्रममा कसैले जानी जानी चरम यातना दिँदा दिँदैको अवस्थामा मारेको वा मरेको नभई सोधपुछको क्रममा लापरवाही, लहडबाजी र विवेकहीनता कारणबाट अपनाएको गलत प्रक्रिया र प्रविधि र निजको आफ्नै शारीरिक दुर्वलताको कारण दुर्भाग्यपूर्ण र भवितव्यबाट ... मृत्यु हुन आएको कुरा प्रस्ट हुन आउँदछ ।*[२९]

तथ्यहरूले गम्भीर अपराध भएको हो भन्ने प्रस्टाउँदा पनि आश्चर्यपूर्ण ढंगले घटनालाई नजरअन्दाज गरिएको अर्को पक्ष हो मैनाको मृत शरीरको दफनको सन्दर्भ । मैनाको शवलाई गोप्य रूपमा गाढेको तथ्यलाई सैनिक अदालतलले फगत "प्रचलित ऐन नियम विपरीतको कार्य" भनी औंल्याएको छ । यस्तो गम्भीर अपराधलाई प्रशासनिक भूलचूकको संज्ञा दिनु किमार्थ पनि उचित छैन । यसर्थ, सैनिक अदाललते अभियुक्तहरूलाई तोकेको ६ महिनाको जेल तथा पदोन्नति रोक्काको फैसला कुनै पनि अर्थमा अपराधको गम्भीरतासँग मेल खाँदैनन् ।

जनरल सैनिक अदालतलतको फैसलाले मानवअधिकार उल्लंघनका घटनाहरूको न्यायिक उपचारको सुनिश्चितता नागरिक अदालतलेमात्र गर्नसक्छ भन्ने तथ्यलाई समेत उजागर गर्दछ । वास्तवमा, सैन्यबलको क्षेत्राधिकार तथा दोहोरो खतराको सिद्धान्तलाई हृदयंगम गरे पछि मात्र आफ्नो फैसलामा सर्वोच्च अदालतले काभ्रे जिल्ला अदालतलाई सो मुद्दा चलान गरेको हो । तथापि नेपाली सेना तथा नेपाल सरकारले नागरिक क्षेत्राधिकारको सैद्धान्तिक मान्यतालाई सम्मान गर्न सकेको छैन । सेनानी निरञ्जन बस्नेतलाई काभ्रे जिल्ला अदालत समक्ष बुझाउन नेपाल सरकारको ठाडो अस्वीकारोक्ति भनु या असमर्थताले न्याय प्रक्रियामा व्यवधान खडा गरिरहेको छ र निष्पक्ष सुनुवाईको व्यवस्था हुनुपर्ने भन्ने पीडित तथा आरोपितहरूको संवैधानिक अधिकारलाई समेत तिलाञ्जली दिएको छ ।

सैनिक ऐन २०१६ को दफा ५४ ले सुव्यवस्था र अनुशासन भंग गर्नेलाई ७ वर्षसम्म कैद हुने व्यवस्था गरेको छ । तर विडम्बना, मैना सुनुवार ज्यान मुद्दाको निर्णय गर्दा जनरल सैनिक अदालतले सो व्यवस्थालाई समेत नजरअन्दाज गरेको छ । यसैगरी सैनिक ऐनको धारा ६१ अनुसार ऐन लागू हुने कुनै व्यक्तिले सैनिक ऐन लागू नहुने कुनै व्यक्तिको ज्यान लिएमा वा जबरजस्ती करणी गरेमा सैनिक ऐनअन्तर्गत् कसूर सैनिक अदालतबाट हेरिने छैन भनी प्रस्ट व्यवस्था रहेको छ जसको बारेमा अगाडिनै छलफल गरिइसकेको छ । यसबाहेक सर्वोच्च अदालतले मुद्दाका सहि गलत पक्ष पहिल्याई मुद्दा प्रक्रियालाई अगाडि बढाउन परमादेश जारी गरेको थियो । त्यसैकारण दोहोरो खतराको सिद्धान्तको तर्क अर्थहीन र हास्यास्पद साबित भएको छ ।

---

[२८] Court martial judgment, September 8, 2005, p. 6.

[२९] Page 7, ibid.

## जंगी कारवाहीका दौरानमा घटाइएका अपराधहरू

सैनिक ऐन २०१६ को धारा ६० ले (जनरल सैनिक अदालतलमा उल्लेख गरिएको) जंगी कारवाहीका बखत घटेका घटनाहरूको छिनोफानो जनरल सैनिक अदालतलद्वारा गरिनेछ भन्ने कुराको सुनिश्चितता गर्दछ । यद्यपि, वर्तमान सैनिक ऐन २०६३ ले बलात्कार तथा हत्याको मुद्दालाई भने समेटेको छैन । यस प्रावधानले प्रभावकारी उपचार तथा पुनर्लाभको सुनिश्चितताका लागि मानवअधिकार उल्लंघनका घटनाहरूको छिनोफानो नागरिक अदालतमा हुनपर्छ भन्ने अन्तर्राष्ट्रिय कानूनको आरक्षित मान्यतालाई दर्शाउदछ ।

जंगी कारवाहीको सन्दर्भबाट धेरै टाढा रहेकी १५ वर्षीया स्कूले छात्रा मैना सुनुवारलाई उनकै घरबाट पक्राउ गरी मृत्यु हुने गरी चरम यातना दिइयो । निजको सुनियोजित बेपत्ता, यातना तथा हत्याको घटना जंगी कारवाहीका दौरानमा घटेको हो भन्ने तर्कसंगत छैन । तसर्थ, सबै अर्थमा यस घटनाको छिनोफानो गर्न नेपाली सेनाको जनरल सैनिक अदालतको क्षेत्राधिकार छैन । बरू नेपाली कानून तथा अन्तर्राष्ट्रिय कानूनअनुसार नागरिक अदालतले नै हेर्नुपर्ने हुन्छ ।

जंगी कारवाहीका दौरान उच्चअधिकारीको आदेशमा आज्ञापालना गर्दा युद्ध अपराध र मानवता विरूद्धको अपराध हुन गएको हो भन्ने तर्क पनि अन्तर्राष्ट्रिय कानूनले दोस्रो विश्व युद्ध पछि खडा गरिएका न्यूरेम्वर्ग ट्रायल र टोकियो ट्रायलपश्चात् अस्वीकृत गरेको अवस्था छ । अपराधका क्रमका कसको कत्तिको भूमिका थियो भन्ने कुरा त निःसन्देहनै विवादित विषय हो । तथापि आरोपितहरूको निष्पक्ष सुनुवाईसम्बन्धी अधिकारलाई सम्मान गर्दै कसूरअनुरूपको सजाय गर्ने सर्वाधिकार नागरिक अदालतको न्यायाधीशमा निहित रहन्छ ।

## सैनिक क्षेत्राधिकार र नागरिक क्षेत्राधिकारको प्रश्न

कोर्ट मार्शलको फैसलाले अन्तर्राष्ट्रिय कानूनको समेत ठाडो उल्लंघन गरेको छ । जेनेभा महासन्धिको धारा ३ ले आन्तरिक द्वन्द्वका बखत पक्राउ परेका लडाकुहरूलगायत आमजनमानस र द्वन्द्वमा संलग्न नरहेकाहरू विरूद्ध यातना तथा अमानवीय व्यवहार निषेध गरेको छ । मैना एक विद्यार्थी थिइन् र तिनको द्वन्द्वरत कुनै पनि पक्षसँग संलग्नता रहेको थिएन । एक निर्दोष नागरिकलाई नियन्त्रणमा लिई हत्या गर्नु अपराधबाहेक अरू केही हुनै सक्दैन । त्यसकारण सैनिक अदालतले तोकेको ६ महिनाको कारावास हास्यास्पद रूपले कम तथा अन्यायोचित छ । गम्भीर मानवअधिकार हनन्का घटनाहरूको छिनोफानो नागरिक अदालतले गर्नुपर्छ भन्ने कुरा संयुक्त राष्ट्रसंघीय मानवअधिकार समिति तथा यातना विरूद्धको संयुक्त राष्ट्रसंघीय समितिले पनि निर्दिष्ट गरेका छन् ।

दण्डहीनताको सामना गर्ने कार्यमार्फत मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने सिद्धान्तको अद्यावधिक फेहरिस्त (Human Right's Commission's Updated Set of Principles for the protection and promotion of human rights through action to combat impunity) को सिद्धान्त २९ ले भन्छ :

*मानवअधिकार उल्लंघन, जसको छिनोफानो गर्ने कार्य नागरिक अदालतको क्षेत्राधिकार भित्र पर्दछ र आवश्यक भएको खण्डमा अन्तर्राष्ट्रिय कानूनअन्तर्गत्का गम्भीर अपराधका हकमा अन्तर्राष्ट्रिय वा अन्तर्राष्ट्रियकरण गरिएका फौजदारी अदालतको क्षेत्राधिकार भित्र पर्दछन्, बाहेकका सैनिक अधिकारीहरूबाट गरिएका अन्य विशिष्ठ सैनिक अपराधहरूको छिनोफानो गर्ने सैनिक अदालतको क्षेत्राधिकार पूर्ण रूपमा मात्र सीमित गरिनुपर्दछ ।*[३०]

सर्वोच्च अदालतले आफ्नो २०६४ असोज १ को फैसलामा यस सिद्धान्तलाई पनि अङ्गिकार गरेको छ ।

## निरञ्जन बस्नेतको स्वदेश फिर्ती

निरञ्जन बस्नेतको स्वदेश फिर्तीसँगै बनेको सनसनीपूर्ण माहौलमा नेपाली सैनिकले एक प्रेस विज्ञप्ति जारी गरी निजको स्वदेश प्रत्यागमन गर्नका लागि के कार्यविधि अपनाइएको थियो भनेर संयुक्त राष्ट्रसंघीय शान्ति कार्य सञ्चालन विभाग (UN Department of Peace Keeping Operations) सँग स्पष्टीकरण माग्ने बारेमा विदेश मन्त्रालयलाई अनुरोध गरिएको बारेमा जानकारी दियो ।[३१] यसका अलावा सेनाको स्वतन्त्र कोर्ट अफ इन्क्वायरी बोर्डबाट बस्नेतले सफाई पाएको र संयुक्त राष्ट्रसंघीय शान्ति मिशनमा खटाएको भनी सैनिक मुख्यालयले स्पष्टीकरण पनि दियो ।[३२] २०६६ पुष ७ मा सेनाका कानुनी विभागीय प्रमुख बिए कुमार शर्माका अनुसार निरञ्जन बस्नेतको स्वदेश फिर्तीको सम्बन्धमा कोर्टको अनुसन्धान बोर्डद्वारा अनुसन्धान सुरू भइसकेको बताए ।[३३] २०६६ पुष २३ मा मानवअधिकारवादी गैरसरकारी संस्थाहरूको दबाबका कारण हतारमा संयुक्त राष्ट्रसंघले सो कदम चालेको हो भनी संयुक्त राष्ट्रसंघका एकजना प्रतिनिधिले जानकारी दिएको सूचनासमेत एक सञ्चारमाध्यमले प्रकाशित गऱ्यो ।[३४]

तर संयुक्त राष्ट्रसंघको रेसिडेन्ट कोअर्डिनेटरले एक प्रेस वक्तव्य जारी गर्दै बस्नेतको स्वदेश फिर्ती प्रक्रियाका सम्बन्धमा विदेश मन्त्रालयबाट स्पष्टीकरण माग गर्दै कुनै पनि पत्र नपठाइएको र गैरसरकारी संस्थाहरूको दबाबका सो कार्य गरेको भनी क्षमायाचना गर्दै कुनै पत्र पनि प्रेषित नगरेको कुरा बताए ।[३५] त्यसकारण घटनाको आफ्नै मात्र व्याख्या भएको अवस्थामा सैनिकको कथित इन्क्वायरी बोर्डले कस्तो प्रकारको अनुसन्धान गरिरहेको छ भन्ने कुरानै संदेहपूर्ण छ ।

---

[३०] See UN document E/CN.4/2005/102/Add. 1.

[३१] Republica, "Govt to lodge written complaint with UN", December 16, 2009.

[३२] The Himalayan Times, "Amnesty urges to arrest Basnet", December 9, 2009, http://www.thehimalayantimes.com/fullNews.php?headline=Amnesty+urges+to+arrest+Basnet&NewsID=212927

[३३] Nepalnews, "NA forms Court of Inquiry on Maj Basnet", December 22, 2009, http://www.nepalnews.com/main/index.php/news-archive/2-political/3020-na-forms-court-of-inquiry-on-maj-basnet.html

[३४] Republica, "UN admits flaw in Basnet case", January 7, 2010, http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=13781

[३५] Nepalnews, "UN refutes report on admitting mistake in Naj Basnet case", January 9, 2010, http://www.nepalnews.com/main/index.php/news-archive/1-top-story/3368-un-refutes-report-on-admitting-mistake-on-maj-basnet-case.html

## सत्य निरूपण तथा मेलमिलाप आयोगको तर्क

मैनाको हत्या द्वन्द्वकालमा घटेको भएकाले सो मुद्दा तथा यस्तै प्रकृतिका अन्य मुद्दाहरूको सुनुवाई प्रस्तावित सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत हुनुपर्छ भन्ने धेरैको सुझाव रहेको पाइन्छ । यसै तर्कलाई आधार मानेर प्रहरीले पटक पटक जाहेरी दर्ता गर्न अस्वीकार गर्दछ र पुनरावेदन अदालतले निरन्तर परमादेश रिटहरूलाई खारेज गरेको दृष्टान्त एड्भोकेसी फोरमसँग धेरै छन् ।[३६] बस्नेतको स्वदेश आगमनको बहस र त्यसलगत्तै काभ्रे प्रहरी कार्यालयले निजको हस्तान्तरणका गरिदिन गरेको आग्रहप्रति नेपाल सेनाको उदासिनताको सन्दर्भमा माओवादीका एकजना वरिष्ठ राजनीतिज्ञ (र पूर्व सैन्य कमान्डर) ले पनि २०६६ पुष २८ मा यहि तर्क अघि सारेका थिए ।[३७]

तर संक्रमणकालीन न्याय प्रक्रियाका लगायत यसका संयन्त्रहरू (बेपत्ता र सत्य निरूपण तथा मेलमिलाप आयोग) को तर्क अघि सारेर न्यायिक उपचारमा ढिलाई गर्नु न्यायोचित विकल्प हैन र यो तर्क लेशमात्र पनि औचित्यपूर्ण छैन । न्यायापालिकाको मातहतमा हुने अभियोजनहरूको उद्देश्य, कार्यक्षेत्र र प्रकृति यस्ता आयोगहरूको भूमिकाभन्दा स्पष्टरूपमा पृथक हुन्छन् ।

यस्ता आयोगहरूले कसूरलाई व्यक्तिगत रूपमा निर्क्योल गर्दैनन् । अतः निष्पक्ष सुनुवाईको अधिकारको सुनिश्चितताका सम्बन्धमा यो भूमिका विशेषरूपमा न्यायापालिकामा विशेषाधिकारको रूपमा संरक्षित हुन्छ । उल्लिखित आयोगहरूको भूमिका भनेको मानवअधिकार उल्लंघनका कारणहरू स्पष्ट पार्नु, यस्ता उल्लंघनका परिस्थितिसम्बन्धी सत्यतथ्य सार्वजनिक गर्नु, महान्यायाधिवक्ताले मुद्दा चलाउन सजिलो हुने गरी प्रमाणहरूको संकलन गर्नुका अलावा परिपुरणका उपायहरूका लगायत मानवअधिकार उल्लंघनका घटनाहरू पुनरावृति हुने छैनन् भनी ग्यारेण्टी गर्न कानुनी, नीतिगत तथा संस्थागत सुधारका निम्ति सिफरिस गर्नु हो ।

सत्य निरूपण तथा मेलमिलाप आयोग अहिलेसम्म पनि स्थापना गरिएको छैन । त्यसैले आयोगका कार्यक्षेत्र तथा क्षेत्राधिकारहरूका बारेमा पहिले देखिनै परिकल्पना गर्नु असंगतपूर्ण तर्क हुन जान्छ । सो सम्बन्धमा कानून निर्माण भई आयोगको कार्यक्षेत्र भित्र यो प्रकृतिको अपराधका घटनाहरू पर्दछन् भन्ने स्पष्ट किटानी नहुँदासम्म विद्यमान कानूनले परिभाषित गरेको अपराधजन्य कार्यहरू सरकारवादी हुने सम्पूर्ण फौजदारी अपराधको सूचना प्राप्त गर्ने, दर्ता गर्ने र कानून बमोजिम अनुसन्धान गर्ने जिम्मबारी सरकारी मुद्दासम्बन्धी ऐन २०४९ बमोजिम सम्बन्धित प्रहरी कार्यालयको हुन्छ भने सो मुद्दाको निरूपण

---

[३६] Advocacy Forum and Human Rights Watch, "Waiting for Justice. Unpunished Crimes from Nepal's Armed Conflict" of September 2008 and "Still Waiting for Justice. No End to Impunity in Nepal" of October 2009, http://www.hrw.org/en/reports/2008/09/11/waiting-justice-0 and http://www.hrw.org/en/reports/2009/10/15/still-waiting-justice-0

[३७] Kathmandu Post, "Mandated action not punishable: Pun", January 12, 2010, http://www.ekantipur.com/the-kathmandu-post/2010/01/12/top-stories/Mandated-action-not-punishable-Pun/3992/

गर्ने अधिकार क्षेत्र न्याय प्रशासन ऐन २०४८ को दफा ७ तथा मुलुकी ऐन अं.ब. २९ नं. बमोजिम सम्बन्धित जिल्ला अदालतको हुने कुरामा कुनै विवाद हुन सक्तैन ।

## आममाफी

आन्तरिक युद्धको समाप्तिसँगै युद्धमा संलग्न भएकोमा आममाफी दिनु यथोचित भए पनि युद्धका दौरानमा घटेका गम्भीर मानवअधिकार हनन्का घटनाउपर अनुसन्धान तथा अभियोजन हुनै पर्दछ । यसका लागि हद म्याद वा अन्य विलम्ब, बाधा वा आममाफीलाई निषेध गरिनुपर्दछ । प्रचलनमा रहेका प्रथागत अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानूनको सारांश ICRC Rules of Customary International Law (हेर्नुहोस नियम १५९) र रोम विधान (८)(२)(ग)) मा पाइन्छ ।

द्वन्द्व तथा द्वन्द्व पछिका अवस्थामा समाजमा कानूनको शासन तथा संक्रमणकालीन न्यायका बारेमा संयुक्त राष्ट्रसंघका महासचिवद्वारा प्रस्तुत प्रतिवेदनमा यस कुरालाई बढी जोड दिइएको थियो । उहाँले संयुक्त राष्ट्रसंघद्वारा अनुमोदित शान्ति सम्झौताहरूमा नरसंहार, युद्ध अपराध, मानवताविरूद्ध गरिएका अपराध तथा गम्भीर मानवअधिकार हनन्का हकमा आममाफीलाई मान्यता नदिने निष्कर्ष निकाल्नु भएको थियो ।[३८] ग्वाटेमाला, सियारा लियन, पूर्वी टिमोर, कम्बोडिया, हैइटी, आइभोरी कोष्टलगायत देशहरूको संक्रमणकालीन अवस्थामा संयुक्त राष्ट्रसंघले लिएको अडानले यो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ ।

[३८] UN Document S/2004/616, para 10.

# ५

# निष्कर्ष तथा सुझावहरू

सर्वोच्च अदालतले २०६४ असोज १ मा निर्देशित गरे बमोजिम उचित कानुनी प्रक्रिया अवलम्बन गरी नेपाल सरकार तथा नेपाली सेनाले यो मुद्दाका हकमा नागरिक अदालतमा कारवाही अघि बढाउनका निम्ति अग्रसर रहन कुनै विलम्बता गर्नु हुँदैन । अदालतको आदेशको उपहासले फौजदारी न्याय प्रणाली विश्वसनीयता, शक्तिको पृथकीकरणको सिद्धान्त तथा न्यायापालिकाको स्वतन्त्रता खतरामा छ । यस्ता मुद्दाहरूमा कारवाही अघि बढाउन असफल बन्नुले दण्डहीनतालाई अझै संस्थागत गर्नुका साथसाथै नेपालमा कानूनको शासनमा आधारित लोकतान्त्रिक परिवर्तनका सम्भावनाहरूलाई पनि तिरोहित गर्दछ । न्यायलाई तिलाञ्जली दिँदै शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउनु लेशमात्र पनि सम्भव हुँदैन ।

## सिफारिसहरू

***नेपाल सरकारलाई***

- सेनानी निरञ्जन बस्नेतलाई अविलम्ब अदालत समक्ष बुझाउने कुराको सुनिश्चिता गर्ने;
- नेपाली सेनालाई महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीलाई अनुसन्धान प्रक्रियामा पूर्ण सहयोग गर्न र काभ्रे जिल्ला अदालतमा चलिरहेको मैना सुनुवारको मुद्दालाई सहज रूपमा अगाडि बढाउन सहयोग गर्न आदेश दिने;
- नेपाली सेनालाई सर्वोच्च अदालत र जिल्ला अदालतको आदेशको सम्मान गर्दै आन्तरिक छानबिनका दौरान प्रयोग गरिएका कागजात हस्तान्तरण गर्न आदेश दिने;
- आरोपित अन्य तीन जना भूतपूर्व सैनिक अधिकृतहरूलाई पक्राउ गरी मुद्दालाई अगाडि बढाउन नेपाल प्रहरीलाई निर्देशन गर्ने ।

***नेपाली सेनालाई***

- सर्वोच्च अदालत र जिल्ला अदालतको आदेशको पूर्ण सम्मान गर्दै पालना गर्ने;
- महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीलाई अनुसन्धानमा पूर्ण सहयोग गर्ने;
- जिल्ला अदालत काभ्रेले उपलब्ध गराउन अनुरोध गरे अनुरूप कोर्ट अफ इन्क्वायरी बोर्ड र कोर्ट मार्शल लगायत मिसिल संलग्न सम्पूर्ण दस्तावेजहरू उपलब्ध गराउने ।

***नेपाल प्रहरीलाई***

- जिल्ला अदालत काभ्रेको आदेशको पालना गर्दै चारै जना आरोपितहरूलाई पक्राउ गर्ने;
- यी आदेशको पालना नगर्ने अधिकृतहरूविरूद्ध कानून अनुसार कारवाही गर्ने ।

***अन्तर्राष्ट्रिय समुदायलाई***

- नेपाली सेनाले नागरिक निकायहरूलाई यस मुद्दामा सहयोग नगरेसम्म र सेनानी बस्नेतलाई हस्तान्तरण नगरेसम्म नेपाललाई कुनै पनि प्रकारको सैनिक सहयोग नगर्ने;
- नेपालमा दण्डहीनताको अन्त्यका निम्ति एक दीगो उपायको पहिचान गर्ने र त्यस्ता प्रयासहरूलाई सहयोग गर्ने;
- यस मुद्दाका अन्य अभियुक्तहरू आफ्नो देशको क्षेत्राधिकारभित्र भए कारवाहीको प्रक्रिया अगाडि बढाउने ।

## अनुसूची–१

## प्रधानमन्त्रीलाई देवी सुनुवारको खुला पत्र

सम्माननीय प्रधानमन्त्री
श्री माधव कुमार नेपालज्यू,

मेरो नाम देवी सुनुवार हो । म तत्कालीन शाही नेपाली सेनाद्वारा पाँच वर्षअघि निमर्मतापूर्वक मारिएकी पन्ध्र वर्षीय बालिका मैना सुनुवारकी आमा हुँ । मेरो छोरीको हत्याबारे तपाईलाई पक्कै पनि जानकारी छ होला ।

मैले यो चिठी प्रेषित गर्नुको कारण के हो भने म अहिलेसम्म पनि न्यायको पर्खाइमा छु । अदालतबाट पक्राउ आदेश जारी भएको महिनौ बित्दा पनि मेरो छोरीको हत्यामा संलग्न अभियुक्तहरू पक्राउ परेका छैनन् । त्यसैले म राज्यको यस्तो उदासिनताको कारण जान्न चाहन्छु । कानूनको शासनमा यहाको पूर्ण प्रतिबद्धता र विश्वास छ भने न्याय हुन्छ भन्नेमा म पूर्ण आशावादी छु । त्यसैले अदालतको आदेश मुताबिक अदालतले पक्राउ आदेश जारी गरेका अभियुक्तहरू महासेनानी बबी खत्री, सह-सेनानी अमित पुन, सुनिल अधिकारी र सेनानी निरञ्जन बस्नेतलाई तुरून्त पक्राउ गरी कारवाहीको प्रक्रिया अगाडि बढाइदिनु हुन अनुरोध गर्दछु ।

यसका अलावा, हालसालै पत्रपत्रिकामार्फत अदालतले पक्रन आदेश गरेका अभियुक्त मध्येका सेनानी निरञ्जन बस्नेतलाई सेनाले संयुक्त राष्ट्रसंघीय शान्ति सेनामा पठाएको भन्ने सुन्दा मर्माहत भएकी छु । मानवअधिकार उल्लंघनका पीडित र तिनका परिवारले न्यायको माग गर्दा घरबाट विस्थापित हुनुपर्ने, घरबार धान्ने प्रमुख व्यक्तिको अभावमा आर्थिक समस्याले ग्रसित बन्ने तथा मृत्युवरणसम्म गर्नुपर्ने तर अभियुक्तहरू भने बढुवा हुँदै जाने, देशविदेश शयर गर्ने । त्यति मात्र नभएर अथोपार्जन गर्न सहायक सिद्ध हुने शान्ति सेनामा समेत पुग्ने – यो कस्तो न्याय हो प्रधानमन्त्री महोदय ?

द्वन्द्वकालमा घटेका मानवअधिकार हनन्का घटनाका भयावहता बारे त यहाँलाई अवगतनै होला । हजारौं मारिए र उस्तै संख्यामा मानिसहरू बेपत्ता पारिए र यातनाका शिकार बनाइए । तर किन एउटै अपराधीलाई पनि कारवाही हुँदैन । यहाले गर्नुभएको दण्डहीनता अन्त्यको प्रतिबद्धता कहिले पूरा हुन्छन होला ? नेपालमा जरा गाढेर बसेको दण्डहीनताको अन्त्य गर्न जवाफदेहीताको प्रतिबद्धता जनाएर मात्र हुँदैन भन्ने तथ्य त तपाईलाई राम्रोसँग थाहा होला । यसको सुरूआत त अपराधमा

संलग्न दोषीलाई कारवाही गरेर मात्र गर्न सकिन्छ । त्यसकारण मेरी छोरीका हत्याराहरूलाई पक्राउ गरी सजाय गरेर दण्डहीनताको अन्त्य गर्ने सुरूआत गर्नसमेत मेरो विनम्र अनुरोध छ ।

वितेका पाँच वर्षमा मेरी छोरीमाथि भएको अन्यायको कथा संसारको कुनाकाप्चामा पुगेको छ भनेर दिनहुँजसो विभिन्न मानवअधिकारवादी संस्थाका प्रतिनिधिहरू र स्वदेशी तथा विदेशी पत्रकारहरूले भन्छन् । अफ्न मानवअधिकारकर्मी साथीहरू मेरी छोरीको मुद्दा प्रतिनिधिमूलक मुद्दा हो भन्छन् । तर यसको सही अर्थ के हो मलाई केही थाहा छैन । शायद अन्यायले पराकाष्ट नाघ्यो भने मुद्दाहरू प्रतिनिधिमूलक हुन्छन् होला । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वर्गको निरन्तर दबाबका बाबजुद पनि मुद्दामा संलग्न हत्याराहरूलाई राज्यले आश्चर्यरूपमा बढुवा गर्ने वा अन्य कुराले पुरस्कृत गर्ने कार्य गऱ्यो भने मुद्दाहरू प्रतिनिधिमूलक बन्छन् होला ।

प्रधानमन्त्री महोदय,
तपाईलाई शायद थाहा छैन होला मेरी छोरीको हाम्रो संस्कार अनुरूप गर्नुपर्ने अन्तिम संस्कार अहिलेसम्म गर्न पाएकी छैन । यातना दिएर हत्या गरिएकी मेरी छोरीको अस्थिपञ्जर काभ्रेको पाँचखालस्थित विरेन्द्र सैनिक शान्ति सेना तालिम केन्द्र नजिकैको जंगलबाट संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय समेतको सहयोगमा उत्खनन् गरियो । मेरी छोरीकी अस्थिपञ्जर अभै पनि प्रहरी तालिम केन्द्रको फरेन्सिक ल्याबमा राखिएको छ । उसका हत्याराहरूलाई कारवाही नगरेसम्म मैले छोरीलाई अन्तिम श्रद्धाञ्जली दिन सक्दिन । यसैबीच मेरा श्रीमान्को पनि रहस्यमय स्थितिमा लाश फेला पऱ्यो । चाहे त्यो हत्या होस् या आत्महत्या तर मेरा श्रीमान्को न्यायको लडाइप्रति वितृष्णा बढेको थियो र वर्षौंको संघर्ष पछि पनि न्याय नपाएको पीडामानै उहाँले शरीर त्याग गर्नुभयो ।

न्यायको लडाइमा मेरो आशु पुछ्दै मलाई हौसला र साथ दिने मेरा श्रीमान् समेतलाई मैले गुमाइसके पछि म पनि कहिलेकाहीँ थकित हुन थालेकी छु । न्यायको लागि अब मैले अभै कति कुर्नु पर्ने हो ? सरकारले मैना सुनुवारको मुद्दामा के गर्दै छ ? कसरी र कति समयभित्र अभियुक्तहरू पक्राउ हुन्छन् ? त्यसको स्पष्ट जवाफको प्रतिक्षामा छु ।

धन्यवाद

देवी सुनुवार
२३ मंसिर २०६६

## अनुसूची–२

## रक्षामन्त्रीलाई देवी सुनुवारको पत्र

माननीय रक्षामन्त्री ज्यू,
विद्यादेवी भण्डारी,

मन्त्रीज्यू,
मेरो नाम देवी सुनुवार हो । म तत्कालीन शाही नेपाली सेनाद्वारा पाँच वर्ष अघि निर्ममतापूर्वक हत्या गरिएकी १५ वर्षीया बालिका मैना सुनुवारकी आमा हुँ । मेरी छोरीको हत्या र उनीमाथि भएको अन्यायका सम्बन्धमा तपाईलाई पक्कै पनि अवगत होला भन्ने आशा लिएकी छु ।

मेरी छोरीको हत्यामा संलग्न एकजना हत्यारा सेनानी निरन्जन बस्नेतलाई प्रहरी निकायमा सुम्पन प्रधानमन्त्री र गृहमन्त्रीद्वारा आग्रह भएकोमा तपाईले सहयोग नगरेको सञ्चारमाध्यमहरूको समाचारप्रति आश्चर्य मान्दै यो पत्र प्रेषित गरेकी हूँ । सेप्टेम्बर २००९ मा काभ्रे जिल्ला अदालतले निजलाई पदबाट निलम्बन गर्न गरेको आदेश तथा हालसालै अफ्रिकाको चाड गणतन्त्रमा पठाइएका निज बस्नेतलाई संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना मिशनमा सम्मिलित हुनबाट रोक लगाई नेपाल फर्काइएपछि अन्ततः कमसेकम एकजना आरोपीलाई मात्र भए पनि अदालतसमक्ष प्रस्तुत गरिनेछ भन्ने केही आशा पलाएको थियो । सेनानी बस्नेतलाई संयुक्त राष्ट्रसंघले फिर्ता पठाएपछि न्यायप्रति पलाएको झिनो आशा मन्त्रीज्यूबाट सहयोग नभएको भन्ने भर्खरैको समाचारले मरेर गएको छ ।

म त साधारण लेखपढ मात्र गर्नसक्ने महिला हूँ र म धेरै कुरा जान्दिन । मेरो बुझाईमा रक्षामन्त्री भनेको आफ्ना देशका जनता र देशको सार्वभौमता रक्षा गर्ने जिम्मा पाएका व्यक्ति हुन् । तथापि राज्य र जनताको सुरक्षा गर्ने कसम खाएका तपाईको मन्त्रालयअन्तर्गत्का तिनै सैनिकहरूले मेरी छोरीलाई यातना दिई निर्ममतापूर्ण ढङ्गले मारिदिए । हाल आएर संयुक्त राष्ट्रसंघले समेत निरञ्जन बस्नेतलाई शान्ति स्थापना मिशनबाट बर्खास्त गरिदिएको परिप्रेक्ष्यमा निज बस्नेतलाई प्रहरीकहाँ बुझाई नागरिक अदालतको कठघरामा उभ्याउनबाट तपाईलाई के त्यस्तो अप्ठेरो आइलाग्यो ? मलाई आश्चर्य लागेको छ ।

तपाई जस्तै म पनि एक विधवा हुँ । विधवा हुनुको पीडा तपाई र म दुवैलाई राम्ररी थाहा छ । तर मलाई लाग्छ सन्तान गुमाउनुको पीडा अन्य कुरा गुमाउनुको पीडाभन्दा पनि असह्य हुँदो रहेछ ।

कल्पना मात्र गर्नुस् त आफ्नी प्यारो सन्तानलाई सैनिकहरूले लगे र लगेको हैन भन्ने ...आफ्नो छोरीको अवस्था के छ भनेर वर्षौंसम्म बाच्नु पर्ने ... र त्यसपछि आफ्नो घर गाँउ र सपनाहरू छाडेर आफ्नो छोरीको अवस्था पत्ता लगाइदिनु भन्दै एउटा संस्थादेखि अर्को संस्थामा भौतारिँदै याचना गर्ने र छोरीको खोजी गर्ने क्रममा लुक्दैलुक्दै हिँड्नुपर्ने, कति पीडा हुन्छ त ? र त्यसपछि छोरीलाई सैनिकहरूले पक्राउपछि पानीमा डुबाए र उनको भिजेको शरीरमा मृत्यु नहुन्ञ्जेल करेण्ट लगाए भन्ने कुरा सुन्नुपर्ने ... त्यसपछि पनि छोरीको शवका अवशेषहरूको खोजी गरिदिनुस् भन्दै एक संस्थाबाट अर्को संस्थामा याचना गर्नुपर्ने ।

मन्त्री महोदय,
मेरो पीडाको बयान म शब्दबाट गर्न सक्दिनँ । मलाई थाहा छ कसैले पनि त्यो वेदनाको सायद कल्पनासम्म मात्र पनि गर्न सक्दैन । तर म त त्यस्तो अभागी आमा हुँ जसले आफ्नी प्यारी छोरीको अस्थिपञ्जर जस्तो विभत्स दृश्य हेर्न बाध्य हुनुपर्‍यो । रातमा मात्र देख्नसकिने दुःखस्वप्न मैले दिउँसै देख्नुपर्‍यो । यति मात्र भएको भए त हुन्थ्यो तर मैले त मेरी छोरीको अन्तिम काजक्रियासमेत गर्न सकेकी छुइन किनकि मेरी छोरीको कंकाल अझै पनि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको फरेन्सिक ल्याबमा राखिएको छ । मेरी छोरीलाई त्यस्तो हालतमा पुर्‍याउने पीडकहरूलाई नागरिक अदालतको कठघरामा उभ्याई कारवाही नभएसम्म मेरी छोरीको मैले छोरीलाई अन्तिम श्रद्धाञ्जली दिन सक्ने अवस्थामा समेत म छुइनँ । मलाई प्रत्येक पल बाँच्न गाह्रो भएको अनुभूति हुन्छ तैपनि छोरीलाई न्याय दिलाउने आशाले मलाई जीवित राखेको छ ।

द्वन्द्वकालमा घटेका मानवअधिकार हनन्का घटनाका भयावहता बारे त यहाँलाई अवगतनै होला । हजारौं मारिए र उस्तै संख्यामा मानिसहरू बेपत्ता पारिए र यातनाका शिकार बनाइए । तर किन एउटै अपराधीलाई पनि कारवाही हुँदैन ? यहाले गर्नुभएको दण्डहीनता अन्त्यको प्रतिबद्धता कहिले पूरा हुन्छन् होला ? नेपालमा जरा गाढेर बसेको दण्डहीनताको अन्त्य गर्न जवाफदेहीताको प्रतिबद्धता जनाएर मात्र हुँदैन भन्ने तथ्य त तपाईलाई राम्रोसँग थाहा होला । यसको सुरूआत त अपराधमा संलग्न दोषीलाई कारवाही गरेर मात्र गर्न सकिन्छ । तसर्थ, मेरी प्यारी छोरीलाई हाडहरूको थुप्रोमा परिणत गर्ने ती हत्याराहरूलाई पक्राउ गरी नागरिक अदालतमा उनीहरूको अभियोजन गरी दण्डहीनताको अन्त्य गर्ने कार्यको थालनी गर्न विनम्र अनुरोध गर्दछु ।

मलाई आशा छ न्यायको लागि मेरी छोरीको अस्थिपञ्जरले गरेका क्रन्दनहरू तपाईले सुन्नुहुनेछ र सेनानी बस्नेतलाई प्रहरीकहाँ बुझाउन सहयोग पुर्‍याउनुहुनेछ ।

धन्यवाद !
देवी सुनुवार
३० मंसिर २०६६

## अनुसूची–३

## घटनाक्रम

**२०६० फागुन ५ :** सह-सेनानी निरञ्जन बस्नेत सहित अन्दाजी १५ को संख्यामा रहेका तत्कालीन शाही नेपाली सेना देवी सुनुवारको घरमा जान्छन् । देवीलाई घरमा भेटाउन असमर्थ भएपछि उनीहरूले निजकी १५ वर्षीया छोरी मैना सुनुवारलाई पक्राउ गरेर लैजान्छन् । आफ्नी छोरीलाई फिर्ता गर्न देवी काभ्रे जिल्लाको पाँचखाल सैनिक ब्यारेकमा उपस्थित हुनुपर्ने कुरा देवीका श्रीमान्लाई सैनिक अधिकारीहरूले भन्दछन् ।

**२०६० फागुन ६ :** देवी सुनुवार आफ्ना श्रीमान् तथा गाउँले सहित पाँचखाल सैनिक ब्यारेकमा जान्छिन् जहाँ मैना पक्राउ नपरेको कुरा उनीहरूलाई सुनाइन्छ ।

**२०६० फागुन ८** : देवी सुनुवार जिल्ला प्रहरी कार्यालय काभ्रेमा जान्छिन् । प्रहरी अधिकारीहरूले मैनाको पक्राउ तथा कैदमा राखेको कुरा अस्वीकार गर्दछन् ।

मैनाको परिवारले मैनाको अवस्थाको बारेमा पत्ता लगाउन यो समयको दौरानमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, पाँचखाल सैनिक ब्यारेक, सैनिक मुख्यालय, तत्कालीन सेनाका प्रमुख तथा विभिन्न सैनिक क्याम्पमा जान्छन् जहाँ उनीहरूलाई विरोधाभासपूर्ण जानकारीहरू दिइन्छ ।

कूटनीतिक निकाय र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाद्वारा देखाएको चासोका कारण सेनाका प्रमुखलाई उक्त घटनाको अनुसन्धानका लागि अनुसन्धान समिति गठन गर्न बाध्य तुल्याउँछ ।

**२०६१ फागुन ३ :** अनुसन्धान समितिले आफ्नो धारणा प्रस्तुत गर्छ ।

अनुसन्धान समितिको सिफारिसबमोजिम नेपाली सेनाले किरण मेजर जनरल शमशेर थापाको अध्यक्षतामा सैनिक अदालतको (कोर्ट मार्शल) को गठन गरिन्छ ।

**२०६२ भदौ २३ :** निरञ्जन बस्नेत र सुनिल प्रसाद अधिकारी सहितको एक सैनिक टुकडी बिहान सबेरै मैनाको घरमा गई मैनालाई पक्राउ गरेको कुरा कोर्ट मार्शलको अनुसन्धानको प्रतिवेदन बताउँछ । त्यस्तै सैनिक अधिकारीहरू (महासेनानी बबी खत्री, सह-सेनानी सुनिल प्रसाद अधिकारी र अमित पुन) ले सोधपुछको क्रममा गलत प्रविधिहरू प्रयोग गरेकोमा उनीहरू दोषी पाइन्छन् । उहीहरूलाई ६ महिना कारावासको सजाय सुनाइन्छ । तथापि अनुसन्धानको

क्रममा ६ महिना ब्यारेक भित्र बिताइसकेकाले उनीहरूलाई मुक्त गरिन्छ । मैनाको परिवारलाई क्षतिपूर्ति स्परूप रू. २५०,००० प्रदान गर्न प्रतिवादीहरूलाई आदेश दिइन्छ ।

**२०६२ कात्तिक २७** : सैनिक अदालतको फैसलाप्रति असन्तुष्टि प्रकट गर्दै देवीले महासेनानी बबी खत्री, सह-सेनानीत्रय सुनिल प्रसाद अधिकारी र अमित पुन तथा सेनानी निरञ्जन बस्नेतविरूद्ध जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकमा औपचारिक रूपमा जाहेरी दर्खास्त दर्ता गर्दछिन् ।

**२०६३ कात्तिक २० :** सैनिक सेवाबाट सह-सेनानी सुनिल प्रसाद अधिकारीको राजिनामा स्वीकृत गरिन्छ । केही दिन पछि निज नेपाल छोडेर जान्छन् ।

**२०६३ चैत ९ :** मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको कार्यालयको सहयोगमा प्रहरीले मैनाको शरीर (अस्थिपञ्जर) पाँचखाल सैनिक ब्यारेकको नजिकैको जंगलबाट उत्खनन् गर्छ ।

**२०६४ असोज ३ :** सर्वोच्च अदालतले मैनाको मुद्दा ३ महिना भित्रमा अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय तथा सरकारी वकिललाई परमादेश जारी गर्छ ।

**२०६४ माघ १७** : काभ्रे सरकारी वकिलले बबी खत्री, सुनिल प्रसाद अधिकारी, अमित पुन र निरञ्जन बस्नेतविरूद्ध हत्याको अभियोगमा काभ्रे जिल्ला अदालत समक्ष मुद्दा दर्ता गर्छ । त्यसैदिन काभ्रे जिल्ला अदालतले आरोपीविरूद्ध पक्राउ पुर्जी जारी गर्छ ।

**२०६६ भदौ २८ :** काभ्रे जिल्ला अदालतले तपसिलको आदेश जारी गर्छ :

१) नेपाली सेनालाई – सेनानीको पदमा बढुवा गरिएका सह-सेनानी निरञ्जन बस्नेतलाई सैनिक ऐन २०६३ को दफा ६६ का अनुसार निलम्बित गर्ने;

२) सरकारी वकिलको कार्यालयलाई – कानून बमोजिम प्रमाणहरूको जाँचका निमित्त अनुसन्धानको क्रममा परामर्श गरिएका व्यक्ति र जाहेरी दिनेलाई सरकारी न्यायाधिवक्ताको कार्यालय उपस्थित हुने गराउने;

३) नेपाली सेनालाई – सैनिक अदालतको फैसलामा उल्लिखित प्रतिवादीका अन्य सैनिक अधिकारीलाई अदालत समक्ष प्रस्तुत गर्ने ।

**२०६६ मंसिर २७ :** संयुक्त राष्ट्रसंघीय शान्ति मिशनबाट बर्खास्त भएका सेनानी निरञ्जन बस्नेतलाई नेपाली सेनाको सैनिक प्रहरीले त्रिभुवन विमानस्थलबाट नियन्त्रणमा लिन्छ ।